USAID
अमेरिकी जनताबाट

नीति समीक्षा
POLICY REVIEW

पाचौं संस्करण, फागुन २०७८

NDI
NATIONAL DEMOCRATIC INSTITUTE
FOR INTERNATIONAL AFFAIRS

जलवायु परिवर्तनबारे स्याल हुईंया नगरौं | जलवायु परिवर्तन र राजनीतिक मुद्दा | जोखिमपूर्ण अवस्थामा दलित समुदाय | जलवायु परिवर्तनलाई राजनीतिक एजेण्डा बनाइनुपर्छ | जलवायु परिवर्तनको असर र स्थानीय सरकार

Climate change

जलवायु परिवर्तन

Disclaimer

NDI is a non-profit, nonpartisan, nongovernmental organization that has supported democratic institutions and practices in every region of the world for more than two decades. Since its founding in 1983, NDI and its local partners have worked to establish and strengthen political and civic organizations, safeguard elections and promote citizen participation, openness and accountability in government.

Copyright– National Democratic Institute for International Affairs 2022.

All rights reserved. Portions of this work may be reproduced and or translated for non-commercial purposes provided NDI is acknowledged as the source of the material and is sent copies of any translation.

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the author(s) and do not necessarily reflect the views of USAID or the United States Government.

Address:
National Democratic Institute for International Affairs (NDI) Nepal
Continental Center, 4th Floor, Uttar Dhoka Sadak, Gairidhara-2,
Kathmandu, Nepal
G.P.O. 8975, E.P.C. 4129
Tel: (+977) (1) 4442079, Fax: (+977) (1) 4442079
email: pgurung@ndi.org

द्रष्टव्य

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडिआई) एक मुनाफा रहित गैर-सरकारी तथस्ट संस्था हो जसले विश्वभर रहेका लोकतान्त्रिक संस्था र अभ्यासहरूलाई बिगत दुई दशकभन्दा लामो समयदेखि सहयोग गर्दै आएको छ । सन् १९९३ मा एनडीआईको स्थापना भएदेखि नै एनडिआई र यसका स्थानीय साझेदारहरूले राजनीतिक र नागरिक संस्थाहरूको स्थापना र सबलीकरण गर्ने, चुनावी प्रक्रियाको संरक्षण गर्ने र सरकारमा नागरिक सहभागिता, खुल्लापन र जवाफदेहिता बढाउने काम गर्दै आइरहेको छ ।

प्रतिलिपि अधिकार- सबै अधिकारहरू नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स २०२२ मा सुरक्षित रहेका छन् ।

यस प्रकाशनका केही अंशहरू पुनः उत्पादन गर्न वा गैर–नाफामुलक उद्देश्यका लागि अनुवाद गर्न सकिनेछ । तर यसका लागि एनडिआईलाई यसको स्रोतका रूपमा उल्लेख गरी अनुवादको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

अमेरीकी जनताको उदार सहायताबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अवार्ड नम्बर एआइडी–३६७–LA–१७–००००१ अन्तर्गत यस प्रकाशन सम्भव भएको हो । यहाँ व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् र तिनले युएसएआइडी र अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

ठेगाना
नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स (एनडिआई) नेपाल
कन्टिनेन्टल सेन्टर, चौथो तल्ला, उत्तरढोका सडक, गैरीधारा–२,
काठमाण्डौ, नेपाल
जि.पि.ओ. ८९७५, इ.पि.सि. ४१२९
सम्पर्क नम्बरः (+९७७) (१) ४४४२०७९, फ्यासः (+९७७) (१) ४४४२०७९
इमेलः pgurung@ndi.org

Foreword

Namaste.

Following the recent publication of the fourth edition, I am delighted to share with you the fifth edition of the Policy Review – the latest publication from the National Democratic Institute (NDI) Nepal. The Policy Review is an initiative of the five-year USAID funded Niti Sambad ('Policy Dialogue') project. Niti Sambad contributes to USAID/Nepal's goal of helping to advance a more democratic and resilient Nepal by helping to support all democratic institutions and by further strengthening political, social and economic inclusion.

Through the Policy Review, NDI Nepal aims to make policy analysis more publicly accessible, thereby cementing even further the democratic linkages between the citizen and elected political party representatives. The overall aim is to examine how policies relating to key issues affecting citizens are being and need to be addressed by policy makers at all levels of government.

This latest edition covers the key topic of climate change. Let us be clear here that the issue of climate change is a threat that sees no borders and is something that affects us all. Indeed, much of the world is already experiencing the negative impact of climate change. For those living in Nepal, the multi-faceted consequences of climate change are already well known. While there have been commendable efforts to combat climate change at all three levels of government and indeed commitments made by the GoN at the COP26 conference last year the five writers in this edition of the Policy Review all contend that more action is needed.

That is why in addressing the issue of climate change, many will contend that there needs to be a major collective and coordinated national effort at all three tiers of government, all the political parties, civil society as well as ordinary Nepalis - irrespective of caste, ethnicity or gender. In other words, the whole nation needs to come together under a common cause to not only see how it can effectively mitigate the consequences of

प्रस्तावना

नमस्ते ।

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडिआई)ले प्रकाशन गर्दै आइरहेको नीति-समीक्षाको चौथो संस्करणको प्रकाशनपछि यहाँहरू समक्ष नयाँ प्रकाशनको रूपमा नीति-समीक्षाको पाँचौं संस्करण ल्याउन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यो प्रकाशन युएसएआईडीको आर्थिक सहयोगमा सञ्चालित पाँचवर्षे नीति संवाद परियाजनाको एउटा प्रकाशन हो । सबै लोकतान्त्रिक संस्थाहरूलाई सहयोग उपलब्ध गराउँदै राजनीतिक, सामाजिक र आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै बलियो लोकतान्त्रिक नेपाल निर्माणमा सहयोग पुऱ्याउने युएसएआईडी नेपालको उद्देश्य प्राप्तिका लागि यो नीति संवादले योगदान पुऱ्याउँछ ।

एनडिआई नेपालले नीति-समीक्षामार्फत नीतिसम्बन्धी विश्लेषणलाई सार्वजनिकरूपमा सबैको पहुँचमा पुऱ्याउने र नागरिक र निर्वाचित राजनीतिक दलका प्रतिनिधिबीचको लोकतान्त्रिक सम्बन्धलाई थप बलियो बनाउने लक्ष्य लिएको छ । यस समीक्षाको समग्र उद्देश्य नागरिकलाई प्रभाव पार्ने मुलभूत विषयसँग सम्बन्धित नीतिहरू कसरी बनाइन्छन् र ती सवाललाई सरकारका सबै तहका नीति निर्माताले कसरी सम्बोधन गरिरहेका छन् भन्ने केलाउनु पनि हो ।

जलवायु परिवर्तनको सवाल कुनै पनि सिमानाले नछेक्ने एउटा खतरा हो । यसले हामी सबैलाई असर पुऱ्याउँछ भन्ने कुरामा स्पष्ट हुन जरूरी छ । वास्तवमा संसारका धेरैले जलवायु परिवर्तनको नकारात्मक प्रभावको अनुभव गरिरहेका छन् । नेपालमा बसोबास गरिरहेका मानिसले पनि जलवायु परिवर्तनको बहुआयमिक परिणामबारे जानकारी पाइसकेका छन् । गतवर्ष सम्पन्न भएको कोपा २६ सम्मेलनमा नेपाल सरकारले जलवायु परिवर्तनविरूद्ध लड्ने प्रतिबद्धता जनाएको छ भने जलवायु परिवर्तनविरूद्ध लड्न तीनै तहका सरकारले सह्रानीय प्रयास गरिरहेका छन् । तथापि, यस नीति पत्रमा समावेश गरिएका पाँचजनाकै लेखमा वास्तवमा सरकारले जलवायु परिवर्तनका सवालमा थप काम गर्नुपर्ने तर्क अगाडि सारेका छन् ।

त्यसैले जलवायु परिवर्तनसँग सम्बन्धित सवाललाई सम्बोधन गर्नका लागि धेरै लेखकले मुख्यरूपमा तीनै तहका सरकार, सबै राजनीतिक दल, नागरिक समाज, आम नागरिकका साथसाथै बिना भेदभाव सबै जातजाति तथा लिङ्गको समेत संलग्नतामा एउटा सामूहिक र समन्वयात्मक राष्ट्रिय पहलको आवश्यकता रहेको औंल्याएका छन् । अर्को शब्दमा भन्ने हो भने जलवायु परिवर्तनका नकारात्मक परिणामलाई न्यूनीकरण गर्नका लागि मात्रै होइन, यो अवस्थाबाट आगामी दिनमा वातावरणका

climate change but also to see how it can sustainably benefit from this situation in the future interests of the environment as well as the future wealth and prosperity of its people.

I hope you will enjoy reading this publication.

With kinds regards,

Deborah Healy
Senior Country Director
NDI Nepal

साथै सम्पतिको संरक्षण र मानव जीवनको समृद्धि कसरी गर्न सकिन्छ भन्ने विषयलाई समेत ध्यान दिएर जलवायु परिवर्तनको यो साझा सवालमा समग्र राष्ट्र नै एकै ठाउँमा आउन आवश्यक छ ।

अन्त्यमा, यो प्रकाशन पढेर तपाईं आनन्दित हुनुहुनेछ भन्ने मलाई आशा छ । धन्यवाद ।

धन्यवाद

डेब्राह हीलि
वरिष्ठ आवाशीय निर्देशक
एनडीआई नेपाल

List of Contributors

Kunda Dixit
Kunda Dixit is the Editor and Publisher of Nepali Times, a weekly English language newspaper in Kathmandu. He writes about the media's interface with climate, conflict prevention, the role of the internet in society. He is the author of a book titled 'Dateline Earth: Journalism As If the Planet Mattered'. He also teaches media studies at Kathmandu University.

Shanta Chaudhary
Shanta Chaudhary is federal parliamentarian and a party whip of the Communist Party of Nepal-Unified Marxist Leninist as well as being a member of the party's polit bureau. She is currently also a member of the parliamentary committee on agriculture, cooperatives and natural resources. Previously, she was a member of the first Constituent Assembly where she was chair of the committee on natural resources and means.

Dipak Bishwokarma
Dipak Bishwokarma is an interdisciplinary researcher and international development practitioner. During his career, he has worked extensively in sectors such as climate change adaptation and resilience, disaster risk reduction, climate-induced displacement and migration, local natural resources management, and public policy. He has worked widely with a variety of national and international agencies in this sector.

Geeta Pandey
Geeta Pandey has enjoyed a detailed career in the development sector with a specific focus on advocacy and campaigning, human rights, climate change and gender equality. She regularly writes on climate change and other environmental related topics. She is currently working as a program manager in the field of environment, climate change and advocacy.

Sujata Tamang
Sujata Tamang is an experienced journalist currently working for BBC Nepali Service from the Solukhumbu district. During her career, she has been reporting on various social, political, environmental, climate change, and environmental issues for the radio. In addition, she also writes feature stories and opinion editorials for different national publications.

लेखकहरू

कुन्द दीक्षित
कुन्द दीक्षित काठमाडौंबाट प्रकाशित हुने अंग्रेजी भाषाको साप्ताहिक पत्रिका नेपाली टाइम्सको सम्पादक र प्रकाशक हुनुहुन्छ । उहाँले जलवायु परिवर्तन र मिडियाको अन्तरसम्बन्ध, द्वन्द्व समाधान, समाजमा इन्टरनेटको भूमिकाजस्ता विषयमा लेख्दै आउनु भएको छ । उहाँले 'डेडलाइन अर्थ : जर्नलिज्म एज इफ द प्लानेट म्याटर्स' नामक पुस्तक लेख्नु भएको छ भने उहाँ काठमाडौं विश्वविद्यालयमा मिडिया अध्ययन विषयको अध्यापन पनि गर्नुहुन्छ ।

शान्ता चौधरी
संघीय संसदको सदस्य शान्ता चौधरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)को संसदीय दलको सचेतकका साथै पार्टीको पोलिटब्यूरो सदस्य पनि हुनुहुन्छ । उहाँ अहिले संसदको कृषि, सहकारी र प्राकृत्तिक स्रोत समितिको सदस्य हुनुहुन्छ । पहिलो संविधानसभाको सदस्य उहाँ तत्कालनीन संसदको प्राकृत्तिक स्रोत साधन समितिको सभापति पनि हुनुहुन्थ्यो ।

दिपक विश्वकर्मा
दिपक विश्वकर्मा विभिन्न विषयका अनुसन्धनकर्ताका साथै अन्तर्राष्ट्रिय विकास अभ्यासकर्ता हुनुहुन्छ । उहाँले आफ्नो व्यवसायिक जीवनमा जलवायु परिवर्तन प्रतिरोध, विपद् जोखिम न्यूनीकरण, जलवायुका कारण हुने बिस्थापन र आप्रवासन, स्थानीय प्राकृत्तिक स्रोत व्यवस्थापन र सार्वजनिक नीतिजस्ता सवालमा बृहतरूपमा काम गर्नु भएको छ । उहाँसँग विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थामा आबद्ध भएर काम गरेको अनुभव छ ।

गीता पाण्डे
गीता पाण्डेले विशेष गरी मानवअधिकार, जलवायु परिवर्तन र लैङ्गिक समानताजस्ता विकासका सवालमा काम गर्नु भएको छ । उहाँ तिनै सवालमा केन्द्रित वकालत र अभियानमा संलग्न हुनुहुन्छ । यसका साथै उहाँ नियमितरूपमा जलवायु परिवर्तन र अन्य वातावरणसँग सम्बन्धित विषयमा लेख्नुहुन्छ । उहाँ अहिले एउटा सामाजिक संस्थामा वातावरण, जलवायु परिवर्तन र वकालतसँग सम्बन्धित कार्यक्रमको व्यवस्थापकको भूमिकामा हुनुहुन्छ ।

सुजाता तामाङ
सुजाता तामाङ सोलुखुम्बु जिल्लाबाट बीबीसी नेपाली सेवाका लागि कार्यरत अनुभवि पत्रकार हुनुहुन्छ । आफ्नो व्यवसायिक जीवनमा उहाँले कार्यरत रेडियोका लागि विभिन्न सामाजिक, राजनीतिक, जलवायु परिवर्तन आदि विषयमा रिपोर्टिङ गर्दै आउनु भएको छ । यसका साथै उहाँ राष्ट्रियस्तरका विभिन्न प्रकाशनमा फिचर र विचार पनि लेख्नुहुन्छ ।

Contents

14 | Don't keep crying wolf about climate change
– Kunda Dixit

26 | Climate change and politics
– Shanta Chaudhary

34 | Impact of climate change: The Dalit community is at serious risk
– Dipak Bishwokarma

44 | Putting climate change on the political agenda
– Geeta Pandey

56 | The impact of climate change and local government
– Sujata Tamang

विषयवस्तु

१५ | जलवायु परिवर्तनबारे स्याल हुईंया नगरौं
– कुन्दा दीक्षित

२७ | जलवायु परिवर्तन र राजनीति
– शान्ता चौधरी

३५ | जलवायु परिवर्तनको असर : जोखिमपूर्ण अवस्थामा दलित समुदाय
– दिपक विश्वकर्मा

४५ | जलवायु परिवर्तन राजनीतिक एजेण्डामा
– गीता पाण्डे

५७ | जलवायु परिवर्तनको असर र स्थानीय सरकार
– सुजाता तामाङ

Don't keep crying wolf about climate change

■ **Kunda Dixit**

Nepal's chronic problem has always been that we are aware of what the country's problems are, we know that solutions exist, yet our system of government seem incapable of making the appropriate interventions necessary to fix them in a timely manner. Indeed, if you care to name any problem, such as urban waste management, accessible healthcare, filthy rivers, or poor road design, while knowing how to solve the issues, as a country we just never seem to be able to get around to putting those plans into concrete action.

It is the same with Nepal's burgeoning petroleum imports, which has doubled in the past five years. Certainly, lessening Nepal's dependence on diesel, petrol and gas from India offers a number of tangible benefits, namely: a reduction in our trade deficit leading to a greater political independence from India; switching to renewable energy would help boost the domestic hydropower sector and create further employment opportunities; a further reduction of indoor and outdoor pollution in regard to battery-operated vehicles and electric stoves; and a reduction in Nepal's 'carbon footprint' as a way of helping to save the planet.

Of course, some of this is already happening. For example, Nepal is now exporting its monsoon surplus electricity to India and is also set to triple its hydropower generation capacity over the next five years. However, the contention is that it is not happening fast enough. Nepal's diesel consumption alone has increased 15 times since 1990 and the number of registered motorcycles has doubled in the past three years alone, with the Kathmandu Valley alone witnessing some 1.3 million two-wheelers on the road.[1] Apart from being economically unsustainable, the impact from carbon monoxide on the nation's health is incalculable. Indeed, one estimate says that the average lifespan of a typical resident in Kathmandu has been reduced by four years in average.[2] And let us not forget the fact that this is not counting morbidity from chronic obstructive pulmonary disease, asthma, cancer and other cardiovascular linked diseases.

जलवायु परिवर्तनबारे स्याल हुईया नगरौं

■ **कुन्द दीक्षित**

नेपालको दिर्घकालीन समस्या तिनै हुने गरेका छन् जुन देशको मुख्य समस्या हो भन्ने कुरामा हामी जानकार छौं । हामीलाई थाह छ, ती समस्याका समाधान छन् यद्यपि, समयमै ती समस्याको समाधानका लागि आवश्यक उपयुक्त हस्तक्षेप गर्न हाम्रो शासन प्रणाली अक्षम देखिन्छ । तपाईं त्यस्ता कुनै पनि समस्यालाई लिन सक्नुहुन्छ । जस्तै : शहरी फोहोर व्यवस्थापन, पहुँचयोग्य स्वास्थ्य सेवा, फोहोर नदी वा कमजोर डिजाइनका सडक आदि समस्या छन् । अनि यी समस्या कसरी समाधान गर्ने भन्ने पनि थाहा छ । तर, एउटा देशको रूपमा हामीले ती समस्या समाधानका लागि कहिल्यै पनि ठोस कार्ययोजनामा समावेश गर्न सकेनौं ।

नेपालको बढ्दो पेट्रोलियम आयातको श्रृङ्खला उस्तै छ । बिगत पाँच वर्षमा पेट्रोलिय पदार्थको आयातको मात्रा दोब्बर भएको छ । पक्कै पनि नेपालमा भारतबाट आयात हुने डिजेल, पेट्रोल र ग्याँसको मात्रा कम हुने वा पनिर्भरता कम हुने हो भने यसबाट धेरै लाभ प्राप्त गर्न सम्भव हुन्छ । जस्तै : हाम्रो भारतसँगको व्यापार घाटामा कमी आउने कुराले नेपालको राजनीतिक स्वतन्त्रता बलियो बनाउन सघाउँछ । यसैगरी नवीकरणीय ऊर्जातर्फ जाँदा आन्तरिक जलविद्युत क्षेत्रलाई माथि उठाउन र थप रोजगारीका अवसर सिर्जना गर्न मद्दत पुग्छ । ब्याट्रीबाट चल्ने सवारी साधन र विद्युतीय चुलोको प्रयोगले घरभित्र वा बाहिरको वातारणीय प्रदुषणमा धेरै कमी ल्याउँछ । र नेपालको "कार्बन फुटप्रिन्ट" घटाएर पृथ्वीलाई बचाउन सहयोग गर्छ ।

वास्तवमा यीमध्ये कतिपय काम पहिलेबाट नै भइरहेको छन् । उदाहरणका लागि नेपालले मनसुनको समयमा बढी भएको बिजुली भारत निर्यात गरिरहेको छ र आगामी पाँचवर्षमा नेपालले जलविद्युत् उत्पादन क्षमता तीन गुणा बढाउने दिशामा अगाडि बढिरहेको छ । यद्यपि, यो काम तीब्र गतिमा हुन सकिरहेको छैन । सन् १९९० पछि नेपालको डिजेल खपत १५ गुणा बढेको छ । यसैगरी नेपालमा दर्ता भएका मोटरसाइकलको सङ्ख्या बिगत तीनवर्षमा मात्रै दोब्बर भएको छ । काठमाडौं उपत्यकाको सडकमा मात्रै करिब १३ लाख दुईपाङ्ग्रे सवारीसाधन गुड्छन् ।[१] नेपाल दिगो आर्थिक विकास हुन नसक्नु बाहेक कार्बन मोनोअक्साइडले राष्ट्रको स्वास्थ्यमा निकै धेरै प्रभाव पारिरहेको छ । वास्तवमा, यसले काठमाडौंका बासिन्दाको औसत आयु करिब चारवर्षले घटेको अनुमान गरिएको छ ।[२] र हामीले के भुल्नु हुँदैन भने यो तथ्याङ्कमा फोक्सोसम्बन्धी दीर्घ रोग, दम, क्यान्सर र मुटु

While the issue of climate change has rightly grabbed all the media headlines, the underlying causes of poor air quality are still rarely addressed. The public (and let us add the media for that matter) have arguably become so apathetic and so fatalistic in their approach regarding issues relating to toxic air that we seem to take it now as a given. One could go further to say that the Nepal state has also detected this form of fatalism, and uses it as a convenient excuse to do nothing in terms of policy development.

For as long as tax revenue from petroleum-based products and vehicle sales keeps shoveling cash into the federal exchequer, politicians and bureaucrats at all levels do not seem to be bothered - even though they have to breathe the exact same filthy air as we do day in day out. Successive federal governments have been diverting attention away from their self-evident lack of action on cleaning up the air quality by blaming the whole matter on climate change. In fact, the global crisis on climate change has become perhaps the perfect excuse to also pin the blame for Nepal's food insecurity, floods and droughts and all other 'natural' calamities for that matter.

To be clear, climate breakdown is a planetary emergency. The carbon dioxide concentration, which had never risen above 300 parts per million in the earth's recent history, is now reaching 417 parts. Hurricanes and cyclones are more intense and frequent than ever, monsoons have become more erratic than ever, with winter droughts now becoming the norm, leading to devastating wildfires across the region. In particular, Nepal's Himalayan glaciers have receded dramatically over the past 60 years, and there are now lakes where previously there used to be ice. Many of these expanding lakes are also at risk of bursting, threatening downstream settlements and infrastructure. Furthermore, many of the glaciers are also shrinking. For example, the Base Camp at Mount Sagarmatha (Mount Everest) is now some 50 meters below what its elevation level was back in 1953, when Tenzing Norgay and Sir Edmund Hillary climbed the world's highest mountain.

And while the recent COP26 meeting in Glasgow last autumn set a target of limiting annual global temperature to within 1.5 degrees above pre-industrial levels by 2030 to 2050, it appears as if nations will fail to meet this target. Specifically, even if the global average increase is limited to only 1.5 degrees, the Himalayas will be hotter by up to 0.7 degrees, according to the latest scientific data.[3] At that rate, two-thirds of the ice in the Himalayas will have melted within this century. Such a situation would have catastrophic consequences not just for Nepal, but for the 1.4 billion persons who live downstream and depend on the rivers that originate in the Himalayas. While there will still be enough water in these rivers during the monsoon months, the same rivers will have reduced flow

तथा रक्तनलीसँग सम्बन्धित रोगका कारण आयु घट्ने तथ्याङ्क यसमा गणना गरिएको छैन ।

जलवायु परिवर्तनको सवाल सबैजसो सञ्चारमाध्यममा मुख्य समाचारको शीर्षक बन्ने गरेका छन् । तथापि, ती सञ्चारमाध्यममा खराब गुणस्तरको हावाका आधारभूत कारणबारे भने खासै चर्चा गरिएको पाईंदैन । प्रदुषित हावाका सवालमा जनता (र यस विषयमा सञ्चारमाध्यमलाई पनि थपौँ) यति उदासीन र भाग्यवादी दृष्टिकोण राख्छन् कि मानौं हामीलाई यस्तै हावा दिइएको हो । अझ भन्ने हो भने राज्यले पनि भाग्यवादको यो रूप पत्ता लगाएको छ । त्यसैले राज्य नीति निर्माण गर्ने सन्दर्भमा यो मुद्दामा केही पनि गर्न नपरोस् भनेर सहज बहानाको रूपमा यसलाई प्रयोग गर्छ ।

जबसम्म पेट्रोलियम पदार्थ र सवारी साधन बिक्रीबाट प्राप्त हुने राजस्व जबसम्म सङ्घीय कोषमा जम्मा भइरहन्छ, तबसम्म हामीले दिनहुँ जस्तोसुकै फोहोर हावामा सास फेर्न बाध्य भए पनि कुनै पनि तहका राजनीतिक नेतृत्व र कर्मचारी यो सवालमा चिन्तित हुनेवाला छैनन् । सङ्घीय सरकारले यस्तो अवस्था आउनुको सम्पूर्ण दोष जलवायु परिवर्तनलाई लगाइरहेको छ । तर हावाको गुणस्तर बृद्धि गर्न कुनै किसिमको पहलकदमी लिन भने ध्यान दिइरहेका छैनन् । वास्तवमा नेपालको खाद्य असुरक्षा, बाढी, खडेरी र अन्य सबै 'प्राकृतिक' बिपत्तिका लागि विश्वव्यापी संकटको रूपमा रहेको जलवायु परिवर्तनको नै मुख्य कारण हो भनेर पन्छिने उपयुक्त बहाना मिलेको छ ।

स्पष्टरूपमा भन्नुपर्दा, जलवायु परिवर्तनसँग सम्बन्धित समस्या ग्रहसँग सम्बन्धित एक किसिमको संकट हो । पृथ्वीको पछिल्लो समयावधिमा डाइअक्साइडको घनत्व ३०० भाग प्रति मिलियनभन्दा माथि कहिल्यै पुगेको थिएन । अहिले यो घनत्व बढेर ४१७ भाग पुगेको छ । आँधी र चक्रवात पहिलेभन्दा धेरै छिटो छिटो र तीब्र गतिमा आइरहेका छन् । पहिलेभन्दा मनसुन पनि धेरै अनियमित भइरहेको छ । हिउँदमा हुने खडेरी हुनु अब सामान्य जस्तै भइसकेको छ जसले गर्दा यस विनाशकारी डढेलो निम्त्याइरहेको छ । विशेषगरी नेपालका हिमनदी बिगत ६० वर्षमा नाटकीयरूपमा घटेका छन् र पहिले हिउँका चुचुराहरू अहिले तालमा परिणत भएका छन् । यी बिस्तार हुने क्रम सँगसँगै धेरै हिमताल फुट्ने जोखिममा पुगेका छन् । यसले ती तालभन्दा तलतिर रहेका मानवबस्ती एवं भौतिक पूर्वाधारका जोखिममा छन् । यसका साथै धेरै हिमनदी सङ्कुचित हुँदै गइरहेका छन् । उदाहरणका लागि, विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविर सन् १९५३ मा तेन्जिङ नोर्गे र सर एडमन्ड हिलारीले आरोहण गर्दाको उचाइभन्दा अहिले झण्डै ५० मिटर तल पुगिसकेको छ ।

यही वर्ष स्कटल्याण्डको ग्लास्गोमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु महासन्धीका पक्ष राष्ट्रहरूको शिखर सम्मेलन कोप २६ ले सन् २०३० देखि सन् २०५० सम्ममा विश्वव्यापीरूपमा वार्षिक तापक्रमलाई घटाएर औद्योगिक क्रान्ति भन्दा पहिलेको अवस्थामा पुऱ्याउने अर्थात १.५ डिग्री सेल्सियल्समा सीमित गर्ने लक्ष्य राखेको छ । तर, ती पक्ष राष्ट्रहरूले यो लक्ष्य पूरा गर्न सक्ने देखिँदैन । विशेषगरी, विश्वव्यापी औसत तापक्रम बृद्धि १.५ डिग्रीमा सीमित गरिए पनि हिमालय क्षेत्र ०.७ डिग्रीसम्म तातो हुने अध्ययनहरूले देखाएका छन् ।[३] यही गतिमा तापक्रम बढेको खण्डमा यो शताब्दीभित्रै हिमालको दुई तिहाइ हिउँ वा बरफ पग्लिनेछ । यस्तो अवस्था सिर्जना हुँदा नेपालको मात्र नभई अन्य क्षेत्र जहाँ

during the spring. With the ice gone, these rivers will be drier in the dry season, when the water for irrigation and household use is needed the most.

Of course, the important issues of 'ice and snow' tend to receive all the public attention. After all, the impact of global warming on Arctic Sea ice, the Greenland Ice Sheet and mountain glaciers are much more visible and can be captured well in dramatic 'before-after' photography. This means the importance of water is overshadowed by ice. Precipitation in the Himalayan region comes from 'sky rivers', bands of moisture that bring rain and snow that then accumulate in the mountains. After the polar region, the Himalaya-Hindu Kush-Tibetan Plateau is the largest repository of ice on the planet. These mountains store water as ice and also act as a gigantic 'sponge' to hold water before slowly letting the water out into the streams, rivers and lakes.

It also needs to be noted that Nepal's per capita footprint is so small, and its historical emissions so negligible that we, as a country, have had virtually no role in creating this climate change mess in the first place. At COP26, those richer nations altogether pledged trillions of US dollars to help those developing countries with their energy transition processes. Of course, this would be a welcome development if it actually happened, remembering that funds sincerely promised in previous COPs have never materialized.

Therefore, with this pretext, Nepal will have to prepare for being let down yet again with rich nations not putting their cash where their mouths are. In Glasgow, Nepal committed itself to attaining net-zero by 2045 through a transition to clean energy, and to increase forest cover to 45 percent by 2030. Switching to electricity for industrial, household and transportation is needed even quicker than 2045, not just to meet our environmental commitments but also to save our national economy.

It is worth noting that Nepal's forests cover is already at about 42 percent due to the federal community forestry program. The federal target of 45 percent of forest cover would essentially means that Nepal will not be able to cut down any more trees ever again. But again, action speaks louder than words remembering that the Nijgad airport project alone would end up decimating more than 8,000 hectares of the last remaining tract of native tree *sal* forests in the eastern Terai region.

Let us also remember that Nepal is sitting on a 'pyramid' of often interconnecting crises, namely poverty, inequality and discrimination, food insecurity and malnutrition, rampant urbanization, and external migration. These and many other problems pre-date the climate change crisis. Each were caused

हिमालबाट बग्ने नदीमा आश्रित र तल्लो तटमा बसोबास गर्ने विभिन्न देशका करिब १ अर्ब ४० करोड मानिस प्रभावित हुनेछन् वा यसले गम्भीर परिणाम ल्याउनेछ । मनसुन महिनामा यी नदीहरूमा पर्याप्त पानी भए पनि वसन्त ऋतुमा ती नदीहरूको बहाब कम हुने गरेका छन् । हिमालको हिउँ पग्लिएर गएको खण्डमा सुख्खा मौसममा ती नदीहरू सुक्नेछन् र सिंचाइ र घरायसी उपयोगका लागि पानीको अभाव हुनेछ ।

वास्तवमा 'बरफ र हिउँ' जस्ता महत्वपूर्ण सवालले सबै मानिसको ध्यान खिच्ने गर्दछ । अन्तत : आर्कटिक सागरको बरफ, ग्रीनल्याण्डको बरफ र हिमालय पर्वतका हिमतालमा विश्व वाष्पीकरणको प्रभाव धेरै परेको देखिन्छ र जसलाई 'पहिले र पछि'को फोटोग्राफीमा प्रभावकारी रूपमा कैद गर्न सकिन्छ । यसको अर्थ पानीको महत्वलाई बरफले ओझेलमा पारेको छ । हिमालय क्षेत्रमा 'आकाशे नदी'बाट वर्षा हुन्छ, यसको अर्थ आर्द्रताको मात्रा हो जसले वर्षा र हिउँ ल्याउँछ । त्यसपछि ती हिउँ हिमाली क्षेत्रमा क्षेत्रमा जम्मा हुन्छ । कुवीय क्षेत्रपछि पृथ्वीमा हिमालय-हिन्दू कुश-तिब्बतीयन प्लेटो हिउँ वा बरफको सबैभन्दा ठूलो भण्डार हो । यी पहाडले पानीलाई बरफको रूपमा भण्डारण गर्छन् र बिस्तारै खोला, नदी र तालका रूपमा छोड्नु अघि पानीलाई अड्याएर राख्ने विशाल 'स्पन्ज' को रूपमा काम गर्छन् ।

हामीले के पनि ध्यान दिनु आवश्यक छ भने नेपालको प्रतिव्यक्ति कार्बन फुटप्रिन्ट निकै सानो छ र यसको ऐतिहासिक उत्सर्जन पनि यति नगण्य मात्रामा छ कि हामीले एक देशको रूपमा हेर्दा जलवायु परिवर्तनको असन्तुलन सिर्जना गर्नमा हामीले यहाँ कुनै भूमिका निर्वाह गरेका छैनौं । कोप २६ मा धनी राष्ट्रहरूले उत्पादन गरेको उर्जा संक्रमण प्रक्रियामा सहयोग पुऱ्याउनका लागि विकासशील देशहरूलाई ट्रिलियन अमेरिकी डलरको बाचा गरेका छन् । पक्कै पनि ती बाचा वास्तविकतामा परिणत भयो भने यो स्वागतयोग्य काम हुनेछ । स्मरण रहोस्, बिगतका कोप बैठकहरूमा गरिएका प्रतिज्ञाअनुसारको रकम इमानदारीपूर्वक कहिल्यै प्रदान गरिएको छैन ।

त्यसकारण नेपालले यो सवालमा फेरि पनि निराश हुने तयार हुनुपर्छ किनभने धनी राष्ट्रहरूले आफ्नो आफ्नो वाचाअनुसार रकम उपलब्ध गराउने गरेका छैनन् । ग्लास्गोमा नेपालले सन् २०४५ सम्ममा स्वच्छ ऊर्जाको रूपान्तरणबाट शून्य खुद उत्सर्जनमा पुग्ने र सन् २०३० सम्ममा वन क्षेत्रलाई ४५ प्रतिशतमा पुऱ्याउने प्रतिबद्धता जनाएको छ । हाम्रो वातावरणीय प्रतिबद्धता पूरा गर्न मात्र नभएर हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई बचाउन पनि औद्योगिक, घर र यातायातका लागि आवश्यक विद्युतमा आत्मनिर्भर हुनका लागि पनि सन् २०४५ भन्दा छिट्टै त्यो अवस्थामा पुग्नु आवश्यक छ ।

सङ्घीय सामुदायिक वन कार्यक्रमका कारण नेपालको वन क्षेत्र अहिले नै करिब ४२ प्रतिशत पुग्नु सह्हानीय कुरा हो । संघीय सरकारले वन क्षेत्रलाई ४५ प्रतिशत पुऱ्याउने लक्ष्य राख्नुको अर्थ वनमा भएका रूख कहिल्यै काट्न नपाउनु हो । तर, निजगढ विमानस्थल आयोजनाले मात्रै पूर्वी तराई क्षेत्रको वनमा बाँकी रहेको रैथाने प्रजातिका सालका रूख काट्ने योजना बनाएको छ । आयोजनाले करिब ८ हजार हेक्टरभन्दा बढी वनक्षेत्र नष्ट गर्ने कुरा सम्झँदा फेरि पनि शब्दभन्दा काम बढी प्रभावकारी हुन्छ भन्ने देखाउँछ ।

नेपाल गरिबी, असमानता र भेदभाव, खाद्यान्न असुरक्षा तथा कुपोषण, बढ्दो सहरीकरण र आप्रवासनजस्ता प्रायः अन्तरसम्बन्धित संकटको 'पिरामिड'माथि उभिएको छ भन्ने पनि स्मरण

by the neglect of the Nepal state, poor levels of governance, and the lack of accountability by respective political leaders from across all political persuasions. For example, there is surely no adequate reason why citizens living in western Nepal should continue to suffer from chronic food shortages. The reason for this perpetual food crisis is the fact that so much profit from food transport contracts have never been properly ploughed back to help local farmers. Indeed, the Nepal state has never done enough to lift farmers from bare subsistence by investing adequately in the provision of better irrigation systems, better quality seeds and better land distribution methods. Two-thirds of citizens derive their livelihoods from agriculture and 67 percent[4] of farmers still depend on rain-fed agriculture. As climate change directly impacts agriculture and their livelihood, it is, therefore, a vexed issue for the huge numbers of households in Nepal.

Yet, just about everything in Nepal today is blamed on the issue of climate change. At COP26, Nepal stated that the country's main problem was the impact of climate change, which is self-evidently not true. In fact, it would have been more accurate to have highlighted the fact that the climate crisis has only made pre-existing structural problems even worse. In other words, the climate crisis is just the 'tip of the ice-berg' as it were in regard to Nepal's current predicament.

Of course, Nepal has always been prone to natural disasters ravaged, as it has been, by floods and landslides during the monsoon, and by droughts and wildfires during the dry season. While these disasters have each become more frequent, the main trigger for the landslides has not been climate change. Instead, poorly engineered and haphazardly roads have been built all over the mountains. The impediments to the natural flow of the rivers caused by highway embankments, flood plain encroachments, and poor drainage floods have been worsened and served to negatively impact the livelihoods of local inhabitants. Water springs are also going dry across Nepal's mountain tops, and farmers have to drill even deeper for water in the Terai region. Therefore, while erratic rainfall may be one of the causes, the real reason is the over-extraction of ground water that has lowered the water table everywhere. That is why Nepal's politicians need to more effectively address a lot of structural problems in Nepal to help make the country become more climate resilient. For example, the introduction of low cost solar-powered pumps to lift water from rivers to irrigate elevated *tar* farms along the Karnali River and its tributaries could yield three crops per year.

The neglect of the agriculture sector is also to blame for the masses of young people migrating from the land to urban conurbations as well as abroad. Falling agricultural productivity has causal explanations such as the failure

गरौं । यी र अन्य धेरै समस्याले जलवायु परिवर्तनको संकट समयभन्दा अगाडि नै आउने छ । यसको मुख्य कारण राज्यको बेवास्ता, कमजोर शासन व्यवस्था र सबै राजनीतिक नेतृत्वको जवाफदेहीताबिहीता हो । उदाहरणका लागि पश्चिम नेपालमा बसोबास गर्ने मानिसले खाद्यान्नको दीर्घकालीन अभावको सामना गरिरहनु पर्ने कुनै निश्चित कारण पक्कै पनि छैन । सँधै यस्तो खाद्यन्न संकटको कारण भनेको खाद्यान्न ढुवानी ठेक्काबाट हुने ठूलो नाफा स्थानीय किसानलाई सहयोग गर्ने गरी उनीहरूको हातमा कहिल्लै नपुग्नु हो । वास्तवमा राम्रो सिंचाइ प्रणाली, गुणस्तरीय बीउ र जग्गाको उचित बाँडफाँडको व्यवस्था गर्ने र पर्याप्त मात्रामा लगानी गर्ने हो भने निर्वाहमुखी अवस्थाबाट किसानलाई माथि उठाउन सकिन्छ तर राज्यले यस दिशामा पर्याप्त काम गरेको छैन । दुई-तिहाइ मानिसको जीविकोपार्जन कृषि उत्पादनबाट चलाउँछन् र ६७ प्रतिशत[४] किसान अझै पनि वर्षामा आधारित कृषिमा आश्रित छन् । जलवायु परिवर्तनले कृषि र उनीहरूको जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्ने हुनाले यो नेपालका धेरै घरपरिवारका लागि चिन्ताको विषय बनेको छ ।

हिजोआज नेपालका प्रायजसो सबै समस्याको दोष जलवायु परिवर्तनलाई लगाउने गरिन्छ । कोप २६ मा नेपालले देशको मुख्य समस्या जलवायु परिवर्तनको प्रभाव रहेको बताएको थियो, जुन आफैंमा सत्य भने होइन । वास्तवमा जलवायु परिवर्तनको जोखिम पहिलेदेखि रहेको संरचनात्मक समस्याका कारण झन-झन खराब हुँदै गएको तथ्यलाई पनि प्रकाश पारिएको भए त्यो कुरा सही हुन्थ्यो । अर्को शब्दमा भन्ने हो भने नेपालको वर्तमान नियति वा अवस्था जलवायु परिवर्तनले निम्त्याएको संकटको 'एउटा सानो अंश' मात्र हो ।

नेपाल पक्कै पनि मनसुनमा बाढी र पहिरोका साथै सुख्खा मौसममा खडेरी र वन डढेलो आदिले गर्दा जहिले पनि प्राकृतिक विपद्को चपेटामा पर्दै आएको छ । यस्ता विपद् पटक-पटक बढ्दै गएका छन् । तर, पहिरोको मुख्य कारण जलवायु परिवर्तन होइन । बरु पहिरोको कारण त पहाडैभरि कमजोर इन्जिनियरिङ गरेर जथाभावी बनाइएका सडक हुन् । राजमार्गमा बनाइएका तटबन्धले नदीको प्राकृतिक बहावमा अवरोध ल्याएको छ, बाढीको समयमा त्यसले मैदानको अतिक्रमण गरेको छ र कमजोर ढल निकासका कारण बाढीले बिकराल रूप लिँदै गएको छ । यसले मूलतः स्थानीय बासिन्दाको जीविकोपार्जनमा अत्यन्तै धेरै नकारात्मक असर पारेको छ । नेपालको पहाडी चुचुराहरूमा पानीका मुहान सुक्न थालेका छन् भने तराईमा कृषकले पानी निकाल्नका लागि निकै गहिराइसम्म पाइप पुऱ्याउनु पर्ने अवस्था छ । पानीको मूल सुक्दै जानुको एउटा कारण अनियमित वर्षा हुनसक्छ, तर वास्तविक कारण चाहिँ पीको सतहत ल पुऱ्याउने गरी भूमिगत पानीको जथाभावी अत्यधिक दोहन हुनु हो । त्यसैले यदि देशलाई अझ बढी जलवायुका विषयमा प्रतिरोधी बनाउने हो भने नेपालका राजनीतिज्ञले संरचनात्मक समस्यालाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता देखिन्छ । उदाहरणका लागि कर्णाली र यसका सहायक नदीबाट माथिल्ला फाँटमा सिंचाइका लागि पानी लैजान कम लागतमा सौर्य उर्जाबाट चल्ने पम्प ल्याउन सकिन्छ र यसरी सिंचाईको सुविधा पुऱ्याउने हो भने वर्षमा तीन बाली अन्न उत्पादन गर्न सकिन्छ ।

देशको ठूलो हिस्सा ग्रामीण क्षेत्रबाट सहरीतिर बसाईंसराइ गर्नु र युवा विदेशीमा पलायन भएका कारण कृषि क्षेत्र उपेक्षित हुन पुगेको हो भन्ने आरोप पनि लगाइने गरिन्छ । कृषि उत्पादकत्व घट्नुका अन्य धेरै कारण पनि छन्, जस्तै : किसाने समयमै मल र अन्य सामग्री नपाउनु, जमिनको खण्डीकरण हुनु, भूमिहीनता र वर्षाको आधारित कृषि उत्पादन घटाउन नसक्नु आदि पनि कृषि क्षेत्र उपेक्षि हुनुका कारण हुन्, जलवायु परिवर्तनको

to get fertilizer and other inputs to farmers in time, fragmentation of holdings, landlessness, and inability to reduce the dependence of rain. It is not due to climate change. However, ensuring that farmers receive support in addressing these structural issues would put them in a better position at least to cope practically with the impact of extreme weather brought about by climate change.

In this respect, it is important to remember that the hydrology of Nepal's rivers will undergo major changes over the next fifty years as glaciers melt and there is less water in the dry season. While we must prepare for such a situation, Nepal is already wreaking havoc on our rivers with mindless sand and boulder mining. Furthermore, the fragile Chure ecosystem will also be exposed to more and more extreme weather conditions in the forthcoming decades with more frequent cloudbursts, extended droughts and raging wildfires. Yet, despite this, Nepal is already mining the hills and the seasonal streams that flow down from it. Of course, local corruption is also feeding the 'plunder of the Chure Range', which continues to have a major impact on the densely populated plains downstream in Nepal and India - with or without the issue of the climate change crisis.

In particular, the Melamchi debris flow in July 2021 was surely a vivid warning of things to come. High up in the mountains, above the Langtang National Park, slopes are already being destabilized by permafrost melting. Furthermore, the 2015 earthquake also got hit by 200mm of rain in just a 24-hour period. As a result, the slopes dissolved and rushed downstream, killing 25 persons and damaging Nepal's most expensive infrastructure project: the Melamchi Water Supply Scheme.[5] This disaster provided two major lessons for us; first, that even a region without damaging human intervention, can be affected by climate-related extreme weather, and second that we have to learn to live alongside disasters like these and try not to make natural phenomena even worse by building poorly constructed mountain roads. Instead, we need to be designing new infrastructure to withstand more frequent future weather calamities.

As a closing comment, and with Nepal's carbon footprint of less than 0.02 tons per capita per year, we need to be clear that whatever we do as a nation is not going to save or destroy the planet. However, what we can effectively do is to reduce our use of fossil fuels, not just to help in a small way to prevent planetary ecosystem collapse but, more importantly, to protect our health, and save the country from immediate economic collapse and ruin. Nepal's economic emergency is more urgent than its ecological crisis and, by saving the economy, we will also help save the ecology.

कारणले मात्रै भएका होइनन् । यद्यपि, यी संरचनात्मक समस्यालाई सम्बोधन गर्ने र किसानले सहयोग पाउने कुरा सुनिश्चित भएको खण्डमा यसले उनीहरूलाई जलवायु परिवर्तनले निम्त्याएको चरम मौसमी प्रभावसँग व्यावहारिकरूपमा सामना बलियो बनाउँछ ।

यसका साथै हिमनदी पग्लने र सुख्खा मौसममा पानी कम हुने भएकाले आगामी ५० वर्षमा नेपालको नदीको जलविज्ञानमा ठूलो परिवर्तन आउनेछ भन्ने कुरा स्मरण गर्न जरूरी छ । हामीले एकातिर यस्तो अवस्थाको सामना गर्न तयारी गर्नु छ भने अर्कोतिर नेपालले नदीमा जथाभावीरूपमा भइरहेको बालुवा र ढुङ्गा उत्खननका कारण विनाश निम्त्याइरहेको छ । यसबाहेक चुरेको कमजोर वातावरणीय प्रणालीमा हुने परिवर्तन कारण आगामी दशकमा हुनसक्ने भीषण वर्षा, लामो समयसम्मको खडेरी र विनाशकारी वन डढेलो आदिबाट चरम मौसमी संकटतर्फ धकेलिने छ । तर, यसबाट उत्पन्न हुन सक्ने गम्भीर तीतो सत्यलाई बेवास्ता गर्दै नेपालले पहाड र त्यहाँबाट बग्ने मौसमी खोलामा भइरहेको उत्खनन् रोक्ने प्रयास पनि गरिरहेको छैन । पक्कै पनि स्थानीय भ्रष्टाचारका कारण पनि 'चुरे पर्वतमाथि दोहन'लाई मलजल गरिरहेको छ, यसले नेपाल र भारतको सघन जनघनत्व भएका तल्लो क्षेत्रमा निकै ठूलो प्रभाव पारिरहनेछ । यो जलवायु परिवर्तन सङ्टबाट उत्पन्न हुन सक्ने यस्ता समस्या जलवायु परिवर्तनको असरबिना नै भइरहेको छ ।

विशेषगरी सन् २०२१ को जुलाइमा मेलम्चीमा भएको लेदो बहावले आइपर्न सक्ने त्यस्ता घटनाको सवालमा स्पष्ट चेतावनी दिएको थियो । लाङ्टाङ राष्ट्रिय निकुञ्जभन्दा माथिल्लो पहाडमा रहेको पर्माफ्रोस्ट पग्लिएर त्यहाँका ढलान अस्थिर भइरहेका थिए । यसका साथै सन् २०१५ को भूकम्पको समयमा पनि त्यहाँ २४ घण्टाको अवधिमा २०० मिलिमिटर पानी परेको थियो । यसैको परिणामस्वरूप त्यहाँका ढलान पग्लिएका थिए र त्यसपछि तल्लो प्रवाह क्षेत्रमा बगेर गएको थियो । उक्त घटनामा २५ जनाको मृत्यु भएको थियो । यसले नेपालको सबैभन्दा महँगो पूर्वाधार मेलम्ची खानेपानी परियोजनालाई पनि क्षति पुऱ्याएको थियो ।[५] उक्त विपद्ले हामीलाई दुईओटा महत्वपूर्ण पाठ सिकाएको छ : एक, मानवीय हस्तक्षेप नभएका क्षेत्रमा पनि जलवायुजन्य मौसमी प्रभावका कारण गम्भीर असर पर्न सक्छ । दुई, हामीले यस्ता विपद् सँगसँगै बाँच्न सिक्नुपर्छ र पहाडी क्षेत्रमा कमजोर सडकको निर्माण गरेर प्राकृत्तिक पर्यावरणलाई थप खराब बनाउने प्रयास गर्नु हुँदैन । यसको सट्टा बरु हामीले भविष्यमा आउने धेरै मौसमी विपद्को सामना गर्न नयाँ पूर्वाधारको विकास गर्न आवश्यक हुन्छ ।

निष्कर्षस्वरूप उल्लेख गर्दा नेपालको कार्बन फुटप्रिन्ट प्रतिव्यक्ति प्रतिवर्ष ०.०२ टनभन्दा कम रहेको छ । यस्तो अवस्थामा हामी के कुरामा स्पष्ट हुन आवश्यक छ भने नेपाल एउटा राष्ट्रको रूपमा हामीले जे गरे पनि यो पृथ्वीलाई बचाउने वा नष्ट गर्ने विषयमा हाम्रो भूमिका हुने छैन । यद्यपि, हामीले प्रभावकारीरूपमा गर्न सक्ने भनेको इन्धनको प्रयोगमा कमी ल्याउन सक्छौं । यसले पृथ्वीको पर्यावरणीय चक्रलाई क्षय हुनबाट रोक्नका लागि सानो मद्दत गर्न मात्र होइन, बरु विशेषगरी हाम्रो स्वास्थ्यको रक्षा गर्न र देशलाई तत्काल आर्थिक पतन र विनाशबाट बचाउनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ । नेपालका लागि पर्यावरणीय संकटभन्दा आर्थिक संकट बढी महत्वपूर्ण छ त्यसैले अर्थतन्त्रलाई बचाएर हामीले पर्यावरणलाई पनि बचाउन मद्दत गर्न सक्छौं ।

Endnotes

1. Wagle, Achyut. Motorcycle City. The Kathmandu Post. April 26. 2021.
2. Awale, Sonia. Breathing in Hazardous to Health. Nepali Times. 27 October to 2 November. 2017.
3. International Center for Integrated Mountain Development. The Hindu Kush Himalaya Assessment: Mountains, Climate Change, Sustainability and People. Switzerland, Springer Nature. 2019.
4. Sharma, Nirman, Drik Raes, Shrawan Kumar Shah. Strategies to improve cereal production in Terai Region (Nepal) during dry season: Simulations with aqua crop. Procedia Environmental Science 19 (2013), p. 767-775. 2013.
5. Pandit Chhetri, Raju. Thinking Globally in Glasgow, and Act Locally. Nepali Times. 24 October. 2021.

पाद टिप्पणी

१ वाग्ले, अच्यूत । मोटरसाइकल सिटी । द काठमाण्डु पोष्ट । अप्रिल २६, सन् २०२१ ।

२ अवाले, सोनिया । ब्रेथिङ इन हाजाडौअस टु हेल्थ । नेपाली टाइम्स । २७ अक्टोबर-२ नोभेम्बर, सन् २०१७ ।

३ इन्टरनेशनल सेन्टर फर इन्टेग्रेटेड माउण्टेन डिभलपमेन्ट । द हिन्दू कुश हिमालय असिस्टेन्ट : माउण्टेन्स्, क्लाइमेट चेन्ज, सस्टेनिबिलिटी एण्ड पिपल । स्वीजरल्याण्ड : स्प्रिङ्गर नेचर, सन् २०१९ ।

४ शर्मा, निर्माण, ड्रिक राइज्, श्रवण कुमार साह । स्ट्राटेजिज टू इम्प्रूभ सिरियल प्रडक्शन इन तराई रिजन (नेपाल) ड्युरिङ ड्राइ सिजन : सिमुलियशन विथ अक्वा क्रप्स । प्रोसेडिया इन्भारोमेन्टल साइन्स १९ (सन् २०१३), पृ. ७६७-७७५ ।

५ पण्डित क्षेत्री, राजु । थिङ्किङ ग्लोबली इन ग्लास्को, एण्ड एक्ट लोकली । नेपाली टाइम्स । २४ अक्टोबर, सन् २०२१ ।

Climate change and politics

■ **Shanta Chaudhary**

Nepal is at huge risk from climate change. Climate change is increasing natural disaster related risks while largely affecting all those areas essential for human existence such as water resources, environment, and production. Due to climate change alone, the earth's temperature is slowly increasing. Snow in Nepal's Himalayan region has been decreasing and the risk of glacial lake outbursts are also increasing. While tourism is an important source of the economy, less snow in the Himalayas may affect future levels of tourism. Similarly, the continuation of glacial lake outbursts or their destruction may serve to further affect tourism. At the same time, cases of glacial lake outbursts place human settlements along the same river banks at risk.

Climate change has caused famine and sudden heavy rainfall for a long time now. Due to this, landslides and flooding have increased putting lives at risk. Last year's sudden rainfall damaged paddy crops and resulted in a huge loss for local farmers. Additionally, climate change has had a major impact on the agriculture produce cycle. As we know, agriculture is reliant on having a rainy season. Yet, farmers have been unable to work on the fields since it has not rained sufficiently at the appropriate time while infectants and insects are increasingly affecting crops. In fact, the situation is such that farmers are compelled to use pesticides to protect their crops from such infectants. As a result, farmers are unable to yield the produce relative to the efforts spent. Climate change has also caused a decrease in agricultural production while food imports have greatly increased.

Another major problem faced is environmental pollution as human health is adversely affected by environmental pollution. Carbon production is increasing air pollution and this risk is ever increasing. Water resources in rural areas are also drying up. This lack of water, key for drinking purposes and irrigation, is also increasing. In this way, climate change is causing natural losses while



जलवायु परिवर्तन र राजनीति

■ **शान्ता चौधरी**

नेपाल जलवायु परिवर्तनका दृष्टिकोणले निकै जोखिममा छ । जलवायु परिवर्तनले एकातिर प्राकृत्तिक जोखिमलाई बढाइरहेको छ भने अर्कोतिर मानवीय जीवनका लागि आवश्यक जलस्रोत, वातावरण, उत्पादनजस्ता क्षेत्रमा पनि निकै ठूलो प्रभाव पारिरहेको छ । जलवायु परिवर्तनकै कारण पृथ्वीको तापक्रम बिस्तारै बढिरहेको छ । नेपालको हिमाली क्षेत्रमा हिउँको मात्रा घट्दै गइरहेको छ भने हिमताल फुट्ने जोखिम पनि बढ्दै गइरहेको छ । नेपालको अर्थतन्त्रको एउटा महत्वपूर्ण स्रोत पर्यटन हो । तर, हिमाली क्षेत्रमा हिउँको मात्रा कम हुँदै गएका कारण आगामी दिनमा हिमाली क्षेत्रको पर्यटनलाई समेत प्रभाव पार्न सक्ने देखिन्छ । यसैगरी, हिमाली क्षेत्रमा रहेका हिमताल फुट्न वा नष्ट हुँदै जान थालेको खण्डमा हिमाली क्षेत्रको जनजीवनका साथै हिमताल पानी बगेर जाने नदी किनारमा रहेका मानवीय बस्ती समेत जोखिममा पर्न सक्छ ।

जलवायु परिवर्तनको प्रभावका कारण लामो समयसम्म खडेरी पर्न थालेको छ भने खाद्यान्न उत्पादन पनि घटिरहेको छ । यसैगरी अचानक बाढी पहिरो जाने र जनजीवन नै जोखिममा पर्ने खतरा पनि बढेको छ । नेपालका गतवर्ष अचानक परेको वर्षाका कारण धेरै किसानको धानबालीमा निकै ठूलो क्षति पुग्यो । यसका साथै जलवायुमा परिवर्तनले कृषि उत्पादनको चक्रलाई पनि निकै प्रभाव पारिरहेको छ । हामीलाई थाह छ, नेपालको कृषि उत्पादन मौसमी वर्षामा आधारित छ । तर, समयमा पर्याप्त मात्रामा वर्षा नभएका कारण कृषकले समयमै खेती गर्न पाइरहेका छैनन् । यसैगरी जलवायु परिवर्तनकै कारण बालीनालीमा रोग र किरा लाग्ने क्रम पनि बढेको छ । वास्तवमा किसानहरू खेतीलाई त्यस्ता रोगबाट बचाउन विभिन्न किसिमको विषदीको प्रयोग गर्न बाध्य छन् । यस्ता समस्याका कारण कृषकले मिहिनेत र लगानीअनुसारको उत्पादन गर्न सकिरहेका छैनन् । यसरी जलवायु परिवर्तनका कारण कृषि उत्पादन घट्दै गएइरको छ भने खाद्यान्नको आयातको मात्रा निकै बढेको छ ।

जलवायु परिवर्तनसँगै नेपालले भोगेको अर्को ठूलो समस्या भनेको वातावरण प्रदुषण हो । प्रदुषित वातावरणका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ । कार्बन उत्सर्जन बढ्दै गएकाले वायुमण्डल नै प्रदुषित हुने जोखिममा छ । यति मात्रै होइन, जलवायु परिवर्तनकै कारण नेपालका ग्रामीण भेगमा पानीको मुहान सुकिरहेका छन् । यसैको परिणाम एकातिर मानिसको दैनिक जीवनमा आवश्यक पर्ने खानेपानीको अभाव बढेको छ भने

also affecting the lives of citizens. This is how climate change is affecting the marginalized and economically weak citizens the most. That is why political parties should place the issue of climate change higher up on the political agenda.

If political parties are able to come up with clear policy positions then they will be in a better position to develop policies and programs when in government. Yet, almost all of the major political parties have not accepted the fact that climate change is as important as other economic-political issues. Therefore, climate change issues are neither included in party policy documents or raised in party conferences and general conventions. That is why senior political party leaders now have to seriously discuss climate change and its impact, and provide a clearer perspective in addressing consequences faced by citizens.

Governments have been formed at the federal, provincial and local level following Nepal's transformation into a federal structure. The 2015 constitution has given rights to all three tiers of government to formulate the necessary laws, policies, regulations, and programs, including on climate change. At the federal level, a parliamentary committee on agriculture, cooperative and natural resources have been established to formulate policy and laws on natural resources, the environment and climate change. Although the Parliament has taken the initiative to set some policies, analyzing the impact of climate change, not enough has been done to develop the necessary policies and to direct government. Likewise, provincial assemblies and municipalities have also been unable to devote enough attention to developing policies and programs in this area. The main reason for all of this is that political parties and government do not regard climate change as a serious political issue.

Similarly, the Government of Nepal has often conducted workshops and conferences on climate change. A meeting of the Council of Ministers was held at Kaalaapathhar, at the Sagamatha Base Camp on 4 December 2009 with the aim of drawing public attention to the impact of climate change. Similarly, Nepal has participated in international conferences on climate change. Last November, the Prime Minister participated in 26th UN Framework Convention on Climate Change held in Glasgow, Scotland. Yet, despite this, both the government and political parties are unable to develop a long-term action plan. Therefore, political parties and the government must now develop a plan to continuously discuss climate change with a view to doing something about it.

Of course, as we know well, Nepal society has to deal with a diverse range of issues and problems. Political parties have developed different strategic documents, policies and programs to address these matters. Similarly, factions

अर्कोतिर कृषि उत्पादनका लागि सिंचाइ गर्ने पानीको अभाव भइरहेको छ । यसरी जलवायु परिवर्तनले एकातिर प्राकृत्तिक जोखिम बढाएको छ भने अर्कोतिर आम मानिसको दैनिक जीवनमा प्रतिकूल प्रभाव पारिरहेको छ । यसमा पनि जलवायु परिवर्तनको असर सबैभन्दा धेरै सिमान्तीकृत समुदाय र कमजोर आर्थिक अवस्था भएका व्यक्ति तथा समूहमाथि परेको छ । त्यसैले यस्तो परिस्थितिलाई विचार गरेर राजनीतिक दलहरूले जलवायु परिवर्तनलाई गम्भीर राजनीतिक सरकोकारको मुद्दा बनाउन आवश्यक छ ।

यदि राजनीतिक दलसँग जलवायु परिवर्तनबारे स्पष्ट धारणा, दृष्टिकोण र नीति छ भने ती दलले गठन गरेको सरकारले पनि सोहीबमोजिमको नीति तथा कार्यक्रम निर्माण गर्न र कार्यन्वयन गर्ने पहल गर्न सक्छन् । तर, नेपालका सबैजसो राजनीतिक दलले जलवायु परिवर्तनलाई अन्य आर्थिक-राजनीतिक मुद्दा जतिकै महत्वपूर्ण सवाल हो भनेर स्वीकार गरिसकेका छैनन् । त्यसकारण जलवायु परिवर्तनको सवाललाई न त राजनीतिक पार्टीले राजनीतिक दस्तावेजमा समावेश गरेका छन् न त पार्टीका सम्मेलन र अधिवेशनमा नै यी सवालमा गम्भीरतापूर्वक छलफल हुने गरेका छन् । त्यसकारण राजनीतिक पार्टीका शीर्षस्थ नेतृत्वले नै जलवायु परिवर्तन र यसका असरलाई गम्भीरतापूर्वक लिन र छलफल गर्न आवश्यक छ । यसैगरी जलवायु परिवर्तनका कारण नागरिकले भोगिरहेका नकारात्मक प्रभावलाई सम्बोधन गर्न स्पष्ट दृष्टिकोण निर्माण गर्न जरूरी छ ।

नेपालमा संघीयाको मर्मअनुरूप संघ, प्रदेश र स्थानीय सरकारको गठन भएका छन् । नेपालको संविधान २०७२ ले तीनै तहका सरकारलाई जलवायु परिवर्तनका साथै अन्य सवालमा आवश्यक कानुन, नीति, निर्देशिका र कार्यक्रम निर्माण गर्ने अधिकार प्रदान गरेको छ । संघीय संसदमा कृषि, सहकारी तथा प्राकृत्तिक स्रोत समितिको गठन भएको छ । यो समितिले प्राकृत्तिक स्रोत, वातावरण र जलवायु परिवर्नतसँग सम्बन्धित कानुन र नीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ । संघीय संसदको उक्त समितिले जलवायु परिवर्तनबारे केही मात्रामा नीति निर्माण गर्दै आइरहेको छ भने जलवायु परिवर्तनबारे विश्लेषण गर्ने कामको अग्रसरता पनि लिएको छ । यद्यपि, जलवायु परिवर्तनका सवालमा आवश्यक मात्रामा नीति निर्माण गर्ने र सरकारलाई निर्देशन दिने काम भने पर्याप्त मात्रामा गर्न सकिरहेको छैन । यसैगरी प्रदेशसभा र स्थानीय सरकारले पनि जलवायु परिवर्तन र यसको जोखिम कम गर्ने नीति र योजना बनाउने काममा खासै ध्यान दिन सकेका छैनन् । यसो हुनुको मुख्य कारण राजनीतिक दल र सरकारले जलवायु परिवर्तनलाई महत्वपूर्ण राजनीतिक सवालका रूपमा नलिनु नै हो ।

नेपाल सरकारले पनि जलवायु परिवर्तका सवाललाई लिएर बेलाबखत गोष्ठी र सम्मेलन पनि आयोजना गर्दै आइरहेको छ । जलवायु परिवर्तनको असरबारे विश्वको ध्यानाकर्षण गराउने उद्देश्यले वि.सं. २०६६ मंसिर १९ गते सगरमाथाको आधार शिविर कालापत्थरमा मन्त्रीपरिषद्को बैठकको आयोजना गरिएको थियो । त्यसैगरी नेपालले जलवायु परिवर्तनबारे आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलनमा पनि भाग लिने गरेको छ । गत कार्तिकमा स्कटल्याण्डको ग्लास्गोमा आयोजना भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धी २६ औं सम्मेलनमा नेपालका प्रधानमन्त्रीले भाग लिएका थिए । तथापि, नेपाल सरकार र राजनीतिक दलले जलवायु परिवर्तले निम्त्याएको समस्या सम्बोधन गर्नका लागि दिर्घकालीन कार्ययोजना नै बनाएर अगाडि बढ्न सकेका छैनन् । त्यसैले जलवायु परिवर्तका सवालमा ठोसरूपमा काम गर्न राजनीतिक दल र सरकारले निरन्तर छलफल र बहस गर्नुपर्छ र स्पष्ट दृष्टिकोण निर्माण गर्नुपर्छ ।

are often formed to focus on these issues. For example, political parties have a separate women's wings to address gender-based discrimination and violence. In the same way, there are different factions of the party focus on land, water resources, and environment. Yet, these fractions do not focus on climate change.

Although all the main political parties have recently organized their general conventions, which discussed, to some degree or another, party ideology and policy. However, none of these parties managed to develop a serious policy on climate change. Therefore, there is an urgent need for political parties to form a separate faction specifically focused on climate change to formulate the necessary policies and programs to combat the impacts of climate change. In addition, it is important for political parties to better orient their party members on mitigation of the impact of climate change as well as mobilize the wider public.

As climate change impact and risks are increasing, a well-coordinated effort of all three tiers of government, political parties and all other interested stakeholders are urgently required to mitigate these risks. Additionally, policies on climate change, which are being implemented at present, may not adequately address the impact of climate change on nature and the lives of citizens. Therefore, it is important for Nepal's system of governance to seriously review the impact of climate change and develop a comprehensive policy and program on climate change adaptation.

In this respect, it is necessary to better understand the multi-dimensional impact of climate change and formulate the necessary policies and programs accordingly. As municipalities can observe the impact of climate change on the lives of ordinary citizens, they must develop policies and programs to address these concerns. Given the fact that the impact of climate change on different geographical and social groups will vary, the relevant policy measures and programs need to be designed accordingly. Furthermore, the issue must be taken seriously as an unavoidable agenda item by political parties, which needs to be reflected in each party's policies and programs. Municipalities can also establish an inclusive mechanism along with the representatives from different marginalized communities to minimize the local impact of climate change.

To conclude, Nepal is at huge risk from climate change. Snowfall is decreasing in the Himalayan region resulting in a series of glacial lake outbursts. Changes in the climate have also brought heavy rainfall, and rainfall in the non-rainy season causes floods and damage and/or loss of property. Similarly, the agricultural production cycle is evolving, agricultural produce is decreasing due to infectants and insects infesting crops while water sources are drying up resulting in

निश्चय नै हामीलाई थाह छ कि नेपाली समाज विविध सवाल र समस्याको सामना गरिरहेको छ । त्यस्ता विशिष्ठ किसिमका सवाललाई सम्बोधन गर्न पार्टीहरूले राजनीतिक दस्तावेज, नीति र कार्यक्रम बनाएका हुन्छन् । यसैगरी त्यस्ता मुद्दामा केन्द्रित भएर काम गर्नका लागि राजनीतिक पार्टीभित्र विभिन्न विभागको गठन गरिएका छन् । उदाहरणका लागि महिलामाथि भइरहेको लैङ्गिक विभेद तथा हिंसाका सवाललाई सम्बोधन गर्न दलहरूले महिला विभाग वा छुट्टै संगठन बनाएका छन् । यसैगरी पार्टीमा भूमि, जलस्रोत, वातावरणजस्ता विभाग पनि गठन भएका छन् । तर, राजनीतिक पार्टीहरूले जलवायु परिवर्तन जस्तो गम्भीर मुद्दामा काम गर्नका लागि यही विषयमा केन्द्रित विभाग भने गठन गरेका छैनन् ।

यही वर्ष देशका ठूला राजनीतिक दलहरूको केन्द्रिय महाधिवेशन सम्पन्न भएका छन् । ती पार्टीको अधिवेशनमा केही मात्रामा पार्टीको सिद्धान्त र नीतिगत सवालबारे छलफल भएका थिए । तर, कुनै पनि पार्टीको अधिवेशनमा जलवायु परिवर्तन जस्तो गम्भीर सवालमा पार्टीले लिनुपर्ने नीतिबारे छलफल भएनन् । यसले पनि के देखाउँछ भने जलवायु परिवर्तनको असरको सामना गर्न पार्टीले आवश्यक नीति र कार्यक्रम निर्माण गर्नुपर्छ र यसका लागि राजनीतिक पार्टीले जलवायु परिवर्तनमै केन्द्रित एउटा छुट्टै विभागकै गठन गर्नुपर्ने आवश्यकता देखाउँछ । यसका साथै पार्टीहरूले जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरणका लागि आफ्ना सदस्यलाई प्रशिक्षित गर्ने र जनपरिचालनमार्फत आमनागरिकलाई जलवायु परिवर्तन र यसका सम्भावित असरबारे जगरूक गराउन आवश्यक छ ।

जलवायु परिवर्तनको सबैतिर प्रभावका कारण जोखिम बढ्दै गइरहेको छ । यसले प्राकृत्तिक विपद्का साथै मानव जीवनलाई नै खतरातर्फ धकेलिरहेको छ । यस्तो जोखिम न्यूनीकरणका लागि राज्य, राजनीतिक दल र सरोकारवालाले संयुक्त र समन्वयात्मक रूपमा पहल लिन जरूरी छ । यसका साथै नेपालमा हाल कार्यान्वयनमा रहेका जलवायु परिवर्तनसम्बन्धी नीतिहरूले पनि प्राकृत्तिक र मानव जीवनमा परेका असरलाई पर्याप्त मात्रामा सम्बोधन गर्न सकेका छैनन् । त्यसकारण नेपाल सरकारले जलवायु परिवर्तनको असरका सवालमा गम्भीर समीक्षा गर्न र जलवायु परिवर्तन अनुकूलनका लागि बृहत्तर नीति र कार्यक्रम निर्माण गर्न आवश्यक छ ।

यसैगरी राज्य र राजनीतिक दलले जलवायु परिवर्तनका बहुआयमिक असरलाई गम्भीरतापूर्वक बुझ्न आवश्यक छ भने सोही अनुरूपका नीति बनाउन र कार्यक्रम तय गर्न जरूरी छ । स्थानीय सरकारले जलवायु परिवर्तनले सामान्य नागरिकलाई पारिरहेको प्रभाव अवलोकन गर्न सक्छन्, त्यसैले स्थानीय पालिकाले नै त्यस्ता सवाललाई सम्बोधन गर्ने गरी नीति र कार्यक्रम बनाउनु पर्छ । तथ्यगतरूपमा भन्ने हो भने विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहमा जलवायु परिवर्तनको असर पनि फरक-फरक पर्न सक्छ । त्यसैले यो सवालमा नीति र कार्यक्रम उनीहरूमाथि परेको प्रभावकै आधारमा निर्माण गरिनुपर्छ भने अनुकूलनको तयार पनि त्यसरी नै गर्नुपर्छ । यसका साथै राजनीतिक दलहरूले पनि यो सवाल राजनीतिकरूपमा सम्बोधन नगरी नहुने मुद्दाको रूपमा लिनुपर्छ । पार्टीहरूले पार्टीको दस्तावेज र कार्यक्रममै यो मुद्दालाई समेटेर अगाडि बढ्नुपर्छ । यसैगरी स्थानीय सरकारले पनि स्थानीय तहमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न सिमान्तीकृत समुदायको पनि प्रतिनिधित्व अनिवार्य हुने गरी समावेशी संयन्त्र निर्माण गर्न जरूरी छ ।

drinking water and causing irrigation problems. Therefore, climate change is becoming an additional crisis faced by Nepali citizens. It is for this reason that the issue of climate change should be pushed up the national political agenda to mitigate the multifaceted impacts and to create a better life for citizens. To achieve this, it will require a concrete, collective and sustained effort from all three tiers of government, political parties and other relevant key stakeholders. And such a collective effort cannot come a moment too soon.

निष्कर्ष स्वरूप भन्नुपर्दा नेपाल जलवायु परिवर्तनको दृष्टिकोणले निकै जोखिममा छ । हिमाली क्षेत्रमा हिउँको मात्रा कम हुँदै जानेदेखि हिमताल विष्फोट क्रम बढेको छ । वातावरणमा आएको परिवर्तनसँगै अतिवृष्टि हुने, बमौसमी वर्षाका कारण बाढी पहिलो आउने र धनजनको क्षति भइरहेको छ । यसैगरी कृषि उत्पादन चक्रमा निकै फेरबदल आइरहेको छ भने खेतीबालीमा विभिन्न किसिमका रोग संक्रमण बढेका कारण कृषकको उत्पादन घटिरहेको छ । यसैगरी जलस्रोतको मुहान सक्दै गएका कारण खानेपानी र सिंचाइमा समस्या थपिँदै गइरहेका छन् । यसरी जलवायु परिवर्तनले नेपाली नागरिकको जीवनमा थप संकटतर्फ धकेलिरहेको छ । त्यसैले जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्ने र जनजीवनलाई सहज बनाउन मूलतः राजनीतिक दलहरूले नै यो मुद्दालाई गम्भीर राजनीतिक मुद्दाको रूपमा लिनुपर्छ । त्यसैले जलवायु परिवर्तनबाट हुनसक्ने खतरा न्यूनीकरणका लागि तीनै तहको सरकार, राजनीतिक दल र सरोकारवाला निकायबीचको ठोस र संयुक्त पहलको आवश्यकता छ । यद्यपि, यस्तो प्रयत्न छिटै हुने सम्भावना भने कमै देखिएको छ ।

Impact of climate change: The Dalit community is at serious risk

■ Dipak Bishwokarma

Background

Nepal is considered as one of the most vulnerable nations in the world to the impacts of climate change. Broadly, changes in temperature and weather patterns have triggered the intensity and frequency of extreme climate events such as heavy rainfall, drought and floods. Such changes have significantly impacted some of Nepal's major economic sectors, including agriculture. The effect of climate change has also a direct link to the livelihoods of vulnerable populations. However, multiple factors, including socio-economic status and access to resources, determine the degree of exposure to the impact of climate change, vulnerability, and adaptative capacity of an individual and household. Climate change is also not only an issue based on natural science, but has a stronger social dimension, indicating that vulnerability to climate change is heterogenous and does not just affect vulnerable groups, such as women and the Dalit community. Therefore, this article will aim to 'unpack' how impacts of climate change have reinforced social marginalization and social injustice focusing specifically on Dalit communities.

Climate change impacts and Dalit marginalization

Harlan et al. (2015)[1] have emphasized that climate change brings about inequalities, broadly due to three reasons: First, its impact is significant to natural resources that triggers inequalities on both availability of and access to resource consumption. Second, its impact is "unequally felt" by citizens specifically based on their socio-economic status. Third, climate change policies developed to manage climate change have "starkly unequal consequences", and the climate change policy process "tend to exclude the poor and the powerless". In this context, the Dalit community in Nepal, who have been historically excluded and marginalized, have been further marginalized due to the impact of the climate change.

जलवायु परिवर्तनको असर : जोखिमपूर्ण अवस्थामा दलित समुदाय

■ दिपक विश्वकर्मा

पृष्ठभूमि

जलवायु परिवर्तनको असरका दृष्टिले नेपाल विश्वकै सबैभन्दा जोखिमयुक्त राष्ट्रमा पर्दछ । नेपालमा जलवायु परिवर्तनका कारण तापक्रममा बृद्धि हुने र मौसमका आएको परिवर्तनले अत्याधिक वर्षा हुने, खडेरी र बाढी आउनेजस्ता समस्या तीब्ररूपमा बढेको छ । यका साथै जलवायु परिवर्तनको असरस्वरूप नेपालमा कृषिलगायत अन्य मुख्य आर्थिक उत्पादनका क्षेत्र पनि निकै प्रभावित भएको छ । सिमान्तीकृत र जोखिममा रहेको जनसङ्ख्याको जीविकोपार्जनमा जलवायु परिवर्तनले प्रत्यक्षरूपमा असर पारिरहेको छ । सामाजिक-आर्थिक अवस्था र स्रोतमाथिको पहुँचजस्ता बहुआयमिक सवालले व्यक्ति र परिवारमा जलवायु परिवर्तनको प्रभाव फरक-फरक हुनसक्छ भने सोही अवस्थाका कारण उनीहरूमा जोखिमको सामना गर्ने अनुकूलन क्षमताको पनि निर्धारण हुने गर्दछ । जलवायु परिवर्तन प्राकृत्तिक विज्ञानमा आधारित समस्या मात्र होइन, यसको बलियो सामाजिक आयाम पनि छ । यसले महिला र दलित समुदायजस्ता सिमान्तीकृत समुदायलाई मात्रै नभइ समग्रमा सबैलाई असर पारिरहेको छ । तथापि, यो लेखमा विशेषगरी जलवायु परिवर्तनले दलित समुदायमा पारेको प्रभाव र यसले कसरी उनीहरूलाई सामाजिकरूपमा थप सिमान्तीकरण गरिरहेको छ र सामाजिक अन्यायलाई बलियो बनाउँदै लगिरहेको छ भन्ने विषय खोतल्ने प्रयास गरिएको छ ।

जलवायु परिवर्तनको प्रभाव र दलित सीमान्तीकरण

हार्लानलगायतका विद्वानहरूले (सन् २०१५)[१] जलवायु परिवर्तनले असमानता ल्याउँछ भन्ने व्याख्या गरेका छन् । उनीहरूको व्याख्याअनुसार जलवायु परिवर्तनले असमानता बढउने तीन मुख्य कारणहरू छन् : एक, जलवायु परिवर्तनले प्राकृत्तिक स्रोतमाथि निकै ठूलो प्रभाव पर्छ । यसले स्रोतको उपलब्धता र उपभोगको दृष्टिकोणबाट पहुँचमा असमानता बढाउँछ । दुई, विशेषगरी सामाजिक-आर्थिक अवस्थाका आधारमा जलवायु परिवर्तनको असर "असमानरूपमा भइरहेको महसुस" मानिसहरूले महसुस गरेका छन् । तीन, जलवायु परिवर्तनको प्रभाव व्यवस्थापनका लागि निर्माण गरिएको नीतिहरूले पनि "अत्यन्तै असमान परिणाम" दिलाएका छन् किनभने जलवायु परिवर्तनसम्बन्धी नीति-निर्माण गर्ने प्रक्रियामा "गरिब र शक्तिहीन समूहलाई उपेक्षा गरिँदै आएको" छ । यसरी हेर्दा नेपालमा ऐतिहासिकरूपमा बहिस्करणमा पारिएका र सीमान्तकृत दलित समुदाय जलवायु परिवर्तनको प्रभावका कारण थप सीमान्तकृत भएका छन् ।

First, natural resources (including forests, water, and land) have been and continue to be an integral part of the livelihood for a majority of rural Nepalese. However, Dalits have been deprived from holding natural resources (especially land) due to state imposed discriminatory provisions. In fact, one study has revealed that some 23 percent of Hill Dalit and 44 percent Dalit remain totally landless.[2] Consequently, vulnerable Dalit households continue to struggle for access to the natural resources and food self-sufficiency. They remain engaged in producing and maintaining agricultural tools as the source of their livelihood. Therefore, on the one hand, the Dalit community is displaced from their traditional jobs because of a lack of resource materials to modernize their work, and on the other hand, they lack access to land and other key resources.

The increasing frequency and intensity of climate induced disasters have served to destroy and diminish forest resources in terms of quantity and quality. Communities have experienced water sources drying-up due to increasing surface temperatures and climate-induced disasters. Such a shrinkage of natural resources has increased competition within the community. As local elites influence the decision-making process to access natural resources, socio-economically marginalized communities suffer even more.[3] Nepali society still has the practice of 'untouchability', which has effectively meant that those who are considered as 'untouchables' have had no direct access to clean water. The non-Dalit households strictly control the use and distribution of water because of untouchability practices. So, Dalit communities suffer enormously even to access drinking water in the area where water sources are drying up. This indicates that the impact of climate change on natural resources has only increased social inequality.

Second, the degree of exposure, vulnerability, and adaptive capacity to the impact of climate change differs primarily based on socio-economic factors. Households suffering from socio-economic hardships would simply not be able to invest enough – both financially and otherwise, to avoid or minimize the impact of climate change. So, it is considered as one of the determining indicators[3] in identifying climate impact on vulnerable populations. Certainly, significant groups of the Dalit community fall under the poverty line, limiting their ability to invest on reducing the impact of climate change. Moreover, existing caste-based discrimination serves to hinder access to the means and services to enhance adaptive capacity and resilience, which has pushed them to an even worse condition compared to other vulnerable communities.

Third, Dalit communities remain structurally excluded[4] from the climate change policy processes and actions designed to reduce vulnerability. This is mainly because of their relative weaker power networks to influence policy decision

एक, ग्रामीण क्षेत्रका अधिकांश नेपालीको जीवनयापनको महत्वपूर्ण अङ्ग जल, जमिन र जङ्गललगायतका प्राकृत्तिक स्रोत नै हुन् । तर, राज्यको विभेदकारी व्यवस्थाका कारण दलित समुदाय भूमिलगायत प्राकृत्तिक स्रोत-साधनको उपभोगबाट बञ्चितीकरणमा पारिँदै आएका छन् । तथ्याङ्ककै आधारमा हेर्ने हो भने पनि एक अध्ययनअनुसार २३ प्रतिशत पहाडी दलित र ४४ प्रतिशत मधेसी दलित पूर्णरूपमा भूमिहीन छन् ।[२] भूमिलगायत प्राकृत्तिक स्रोतमाथि पहुँच नभएकै कारण दलित समुदाय खाद्य संकट भोगिरहेका छन् भने खाद्यान्नमा आत्मनिर्भरताका लागि सङ्घर्ष गरिरहेका छन् । जीविकोपार्जनकै लागि दलित समुदाय कृषि औजारको निर्माण र मर्मतसम्भार गर्ने पेशामा नै अल्झिरहेका छन् । यसरी हेर्दा, दलित समुदाय एकातिर स्रोत-साधनको अभावमा परम्परागत पेशा-व्यवसायको आधुनिकीकरण गर्न नसकेका कारण पेशाबाटै विस्थापित भइरहेका छन् भने अर्कोतर्फ भूमिलगायत अन्य उत्पादनका साधनमाथिको पहुँचबाट बिखुम छन् ।

जलवायुसँग सम्बन्धित विपद्को बढ्दो मात्रा र तीब्रताका कारण वनजङ्गलका स्रोतको मात्रा र गुणस्तर दुवै घट्दै वा नष्ट हुँदै गएका छन् । पृथ्वीको सतहको बढ्दो तापक्रम र जलवायुजन्य विपद्का कारण पानीका स्रोत सुक्न थालेका छन् जसकारण समुदायले खडेरीको सामना गरिरहेका छन् । प्राकृत्तिक स्रोतको यस्तो सङ्कुचनका कारण ती स्रोत प्राप्तिका लागि समुदायमा प्रतिस्पर्धा बढाएको छ । स्थानीय हुनेखाने वा कुलीन वर्गले प्राकृत्तिक स्रोतमामाथि आफ्नो पकड कायम राख्न निर्णय प्रक्रियालाई प्रभावित पार्दै आएका छन् जसकारण सामाजिक-आर्थिकरूपमा सीमान्तीकरणमा पारिएका समुदाय अझ बढी पीडित भएका छन् ।[३] नेपाली समाजमा अझै पनि छुवाछूत-भेदभावको अभ्यास कायमै छ । यस्तो विभेद अभ्यास हुनुको अर्थ अछूत बनाइएका समुदायको अहिले पनि स्वच्छ पानीमा सहज पहुँच छैन । छुवाछूत-भेदभावका कारण गैरदलित समुदायले पानीको स्रोत, प्रयोग र वितरणमा कडा नियन्त्रण गरिरहेका छन् । त्यसैले खानेपानीको मुहान सुक्दै गएका क्षेत्रमा दलित समुदायले खानेपानी पाउनकै लागि पनि निकै कष्ट भोग्नु परेको छ । यसले जलवायु परिवर्तले प्राकृत्तिक स्रोत-साधनमाथि पारेको प्रभावका कारण सामाजिक असमानताको मात्रा बढाएको देखाउँछ ।

दुई, जलवायु परिवर्तनको प्रभाव अनुभव, जोखिम र अनुकूलन क्षमताका आधारमा फरक-फरक किसिमले पर्ने गर्दछ । मूलतः कमजोर सामाजिक-आर्थिक हैसियत भएका व्यक्ति वा समुदायमा यसको असर फरक-फरक पर्दछ । आर्थिक-सामाजिक कठिनाइसँग जुधिरहेको परिवारले जलवायु परिवर्तनको असरबाट बच्न वा त्यसको प्रभाव न्यूनीरण गर्न आर्थिक र अन्य किसिमको लगानी गर्न सक्दैनन् । त्यसैले सामाजिक-आर्थिक अवस्थालाई सीमान्तीकृत समुदाय वा जनसंख्यामा जलवायु प्रभाव मापन गर्ने एउटा महत्वपूर्ण सूचक मानिन्छ । निश्चितरूपमा दलित समुदायका ठूलो हिस्सा गरिबीको रेखामुनी छ । यसले उनीहरूको जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न आवश्यक क्षमतालाई सीमित बनाइदिएको छ । अझ थप, जातीय भेदभावका कारण जलवायु अनुकूलनताका लागि आवश्यक क्षमता र शक्ति निर्माण गर्न आवश्यक सेवा र सधानमाथि उनीहरूको पहुँच पुऱ्याउन थप कठिन बनाइदिएको छ । यसले दलितलाई अन्य जोखिमपूर्ण अवस्थामा रहेको समुदायको तुलनामा सबैभन्दा गम्भीर अवस्थामा धकेलेको छ ।

तीन, दलित समुदाय संरचनागतरूपमै जलवायु परिवर्तनसम्बन्धी नीति-निर्माण गर्ने प्रक्रियाका साथै जलवायु परिवर्तनबाट हुन सक्ने जोखिम न्यूनीकरणसम्बन्धी योजना निर्माण प्रक्रियाबाट

making. Elements such as access to financial services, access to government and non-government services relevant to reducing climate change vulnerability, access to local decision makers, and political networks is crucial to invest in, and influence to prioritize activities towards minimizing climate change impacts. Furthermore, Dalit communities do not have meaningful representation in climate change issues related policy formulation and program design. As a result, climate change policy and programs have undermined the needs of the Dalit community to enhance their adaptive capacities that has sustained their marginalization.

Climate change policies and Dalit inclusion

Nepal has developed multiple climate change policy instruments in line with different international climate policies and agreements; and national needs aiming to reduce vulnerability and enhance resilience through mitigation and adaptation. For example, Nepal has developed the 2010 National Adaptation Action Program (NAAP),[5] which identified and prioritized projects to respond to immediate needs and adapt to climate change. Similarly, the Government of Nepal developed the 2011 Climate Change Policy[6] as an instrument to mitigate and adapt to the adverse impacts of climate change. It was seen as the milestone policy by climate change stakeholders in terms of enhancing the adaptive capacities of vulnerable communities in the spirit of Nepal's commitments to national and international agreements. Both NAAP and Climate Change Policy have mandatory provisions to disburse at least 80 percent of the available climate change budget to the local level. The 2011 National Framework on Local Adaptation Plans for Action (LAPA framework)[7] was also developed as a guiding document to integrate climate change actions during the local planning process. Different climate change initiatives were started as part of NAAP implementation. The 2019 National Climate Change Policy[8] and Local Adaptation Plan of Action Framework[9] are aligned with the federal system and international climate change policy instruments, including the 2015 Paris Agreement. The ultimate aim of these instruments is to reduce economic and social costs of climate change, reduce vulnerability and enhance the adaptive capacities of vulnerable communities.

All the climate change policy instruments have identified the Dalit community as one of the vulnerable populations to the impact of climate change. Each policy has explicitly mentioned using 'bottom-up' and more inclusive approaches to plan and implement climate change actions and consider addressing their issues in matters related to climate change. However, such policy aims have generally not been seen in practice.[10] Moreover, these instruments are not explicit in regard to reducing the marginalization of Dalit communities from the impact of climate change.

बहिस्करणमा पारिएका छन् ।[४] यसो हुनुको कारण दलित समुदाय नीति-निर्माण प्रक्रियालाई प्रभावित पार्न सक्ने शक्तिमा छैनन् । जलवायु परिर्वतनबाट सिर्जित जोखिम वा प्रभाव न्यूनीकरणका लागि आवश्यक हुने वित्तीय सेवासम्मको पहुँच, सरकारी तथा गैरसरकारी सेवासम्मको पहुँचका साथै स्थानीय नीति निर्माता र राजनीतिक सञ्जालमा पहुँच हुनु अत्यन्तै आवश्यक हुन्छ । त्यस्ता निकायमा पहुँच भएको खण्डमा जलवायु परिवर्तनबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि आवश्यक गतिविधिलाई प्राथमिकताका साथ उठाउन सहयोग पुग्छ । तर, जलवायु परिवर्तनसम्बन्धी नीति-निर्माण गर्ने र कार्यक्रम तयार पार्ने निकायमा दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व हुन सकेको छैन । यसैको परिणामस्वरूप जलवायु परिवर्तनसम्बन्धी बनेका नीति र कार्यक्रमले दलित समुदायको आवश्यकता र उनीहरूको जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने सवाल सम्बोधन गर्न सकेको छैन । यसले उनीहरूमाथि भइरहेको सिमान्तीकरणलाई थप मजबुत बनाउन बल पुऱ्याइरहेको छ ।

जलवायु परिवर्तन नीति र दलितको समावेशिता

नेपालले जलवायु परिवर्तनसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौतामा आधारित रहेर राष्ट्रिय आवश्यकताका आधारमा जलवायू परिवर्तनका कारण हुनसक्ने जोखिम न्यूनीकरण र प्रतिरोधी क्षमता बढाउने उद्देश्यसहित विभिन्न किसिमका नीति निर्माण गरेको छ । नेपालले निर्माण गरेको राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा), २०६६[५] यसको एउटा उदाहरण हो । यो कार्यक्रमले तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न र जलवायु परिवर्तन अनुकूलन गर्ने योजना पहिचान गरी प्राथमिकतासाथ अघि बढाएको छ । त्यसैगरी, नेपाल सरकारले जलवायु परिवर्तनका प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने र अनुकूलन गर्न सहयोग पुऱ्याउने उद्देश्यले जलवायु परिवर्तन नीति, २०६७[६] निर्माण गरेको छ । यो नीति निर्माण गरेर नेपालले जलवायु राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धी र सम्झौताप्रति प्रतिबद्धता देखाएको छ भने जोखिममा रहेका समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने सवालमा यो नीति कोशेढुङ्गा साबित भएको जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील सरकोकारवालाले बताउँदै आएका छन् । सरकारले निर्माण गरेको राष्ट्रिय अनुकूलन कार्यक्रम र जलवायु परिवर्तन नीति दुवैमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको कुल बजेटको कम्तीमा ८० प्रतिशत रकम अनिवार्य रूपमा स्थानीय तहमा प्रवाह गर्नु पर्ने व्यवस्था गरिएको छ । सोही व्यवस्था बमोजिम सरकारले स्थानीय अनुकूलन कार्ययोजनासम्बन्धी राष्ट्रिय खाका (लापा), २०६८ निर्माण गरेको छ ।[७] यसलाई स्थानीय योजना निर्माण प्रक्रियामा जलवायु परिवर्तनका सवाललाई एकीकृत गर्न मार्गदर्शक दस्तावेजको रूपमा लिने गरिएको छ । यो राष्ट्रिय अनुकूलन कार्यक्रम कार्यान्वयन गर्नका लागि जलवायु परिवर्तनसम्बन्धी विभिन्न कार्यक्रम सुरु भएका छन् । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६[८] र स्थानीय अनुकूलन खाकालाई[९] सङ्घीय प्रणाली र पेरिस सम्झौता (सन् २०१५) जस्ता जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय नीति र दस्तावेजअनुरूप हुने गरी परिमार्जन गरिएको छ । यी दस्तावेजको अन्तिम लक्ष्य जलवायु परिवर्तनका आर्थिक र सामाजिक लागत घटाउनु, जोखिम न्यूनीकरण गर्नु र सिमान्तीकृत समुदायको अनुकूलन क्षमता बढाउनु हो ।

नेपालमा निर्माण भएका जलवायु परिवर्तनसम्बन्धी नीति तथा दस्तावेजले दलित समुदायलाई जोखिमपूर्ण जनसङ्ख्याको रूपमा पहिचान गरेका छन् । ती सबै नीतिमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको योजना निर्माण र कार्यान्वयन स्थानीय तहबाटै सुरु गर्ने र सबैलाई समट्ने वा समावेशी पद्धतिलाई अवलम्बन गर्ने कुरा स्पष्टरूपमा समावेश गरिएका

First, climate change policy instruments have predominantly used the 'top-down' approach with limited consultation at the national level, despite rolling out federalism with one of the aims being to encourage a 'bottom-up' process. Those stakeholders who oversee policy making rarely visit these communities to consult in regard to the policy of climate change. In particular, they never reach vulnerable populations, especially Dalit communities, even if there are some sporadic cases of public consultation at the local level. Therefore, the reality is that Dalit communities have struggled for their daily livelihoods. They certainly do not have the ability to influence policies made at the national level, while policy makers do not reach out to them during the policy development process anyway. Climate change policy instruments have neither acknowledged their reality nor provided services to offer compensation or empower the Dalit community to engage on local climate change policy processes. Rather, policy instruments have employed a blanket approach mentioning provisions to reduce vulnerability, bracketing all vulnerable communities in the same basket. This fact raises the question as how genuine the response of the state has been in regard to addressing the concerns of the Dalit community in response the issue of climate change. Second, a number of different studies[10] have highlighted that local elites continue to dominate the process in regard to the preparation of local adaptation plans and in selecting adaptation activities. It is further claimed[10] that adaptation activities are prioritized and funded based on political negotiations at the local level. It indicates that vulnerable Dalit household's voice is rarely heard and addressed.

Conclusion

This article has aimed to demonstrate that there is a direct link between the impact of climate change and Dalit marginalization. Climate change policies and climate actions have employed a 'blanket approach' to identify and prioritize action to reduce vulnerability without acknowledging the different kinds of vulnerability amongst the population further serving to marginalize the marginalized and deliver injustice to Dalit communities. Therefore, two key policy actions are required urgently to address the issue.

First, Dalit communities have faced multidimensional challenges. As they are severely affected by climate change, the policies relating to this subject should include focused policy measures to reduce vulnerabilities. Dalit communities should also have meaningful representation in the climate change planning and implementation processes in order to better access resources and services required to reduce their vulnerability. All of this clearly demands radical changes in respect to the existing understanding of climate change vulnerability and practices of climate change planning and implementation processes.

छन् । ती नीतिमा जलवायु परिवर्तनसँग सम्बन्धित सवलमा दलितलगायत सबै सिमान्तकृत समुदायको चासोलाई सम्बोधन गरिने कुरा उल्लेख छ । तर, ती नीतिमा लेखिएका कुरा सामान्यतया व्यवहारमा रूपान्तरित भएका छैनन् । यस बाहेक जलवायु परिवर्तनको प्रभावबाट दलित समुदायको सिमान्तीकरणलाई कम गर्ने सन्दर्भमा ती व्यवस्थामा प्रष्टता छैन ।

एक, जलवायु परिवर्तनसम्बन्धी नीतिहरू मूलतः राष्ट्रियस्तरमा सीमित मात्रामा परामर्श गरेर 'माथिबाट तल जाने' दृष्टिकोणबाट लागू गरिएका छन् । जब कि 'तलबाट माथि जाने' प्रक्रियालाई प्रोत्साहित गर्ने उद्देश्यले नेपालमा सङ्घीयताको अभ्यास सुरु भएको छ । यसैगरी जलवायु परिवर्तनसम्बन्धी नीति-निर्माण गर्ने व्यक्तिहरू पनि नीतिका सवलमा परामर्श गर्न समुदायस्तरमा बिरलै जाने गर्छन् । स्थानीयस्तरमा कहिलेकाहीँ जलवायु परिवर्तनका सवालमा सार्वजनिक परामर्श हुने गरेका छन् । तर, ती छलफलमा पनि जोखिमपूर्ण अवस्थामा रहेको जदसंख्या वा विशेषगरी दलित समुदायसम्म कहिल्यै पुग्दैनन् । दलित समुदायको यथार्थ गुजाराका लागि दैनिक संघर्ष गर्नु पर्ने अवस्थामा छ । दलित समुदायसँग राष्ट्रियस्तरमा निर्माण हुने नीतिलाई प्रभाव पार्ने सक्ने अवस्था बनेको छैन भने अर्कोतिर नीति निर्माण गर्ने स्थलमा उनीहरूको अर्थपूर्ण प्रतिनिधित्व हुन सकेको छैन । जलवायु परिवर्तनसम्बन्धी नीतिले न दलित समुदायको वास्तविकतालाई सम्बोधन गर्न सकेको छ, न त जलवायु परिवर्तनका कारण उनीहरूमाथि परेको नकारात्मक प्रभावबापत क्षतिपूर्ति प्रदान गर्न र स्थानीय तहमा अनुकूलन क्षमता अभिवृद्धि गर्ने व्यवस्था गरेको छ । स्थानीय जलवायु परिवर्तन नीति प्रक्रियामा हुनुपर्ने सहभागिताको लागि सशक्त बनाउन सेवाहरू प्रदान गरेको छ । बरु, ती नीतिले जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्ने सवालमा सबै सबै जोखिमपूर्ण अवस्थामा रहेका समुदायलाई एउटै डालोमा राखेर हेर्ने एउटै दृष्टिकोण (ब्लाङ्केट अप्रोच) प्रयोग गरेका छन् । यस तथ्यले जलवायु परिवर्तनका सवालमा दलित समुदायको सरोकारलाई सम्बोधन गर्न राज्य कतिको गम्भीरतापूर्वक लागेको छ भन्ने प्रश्न उठाएको छ । दुई, विभिन्न अध्ययनअनुसार जलवायु परिवर्तनसम्बन्धी स्थानीय अनुकूलन योजनाको तयारी र अनुकूलन गतिविधि छनौट प्रक्रियामा स्थानीय हुनेखाने वा कुलीन वर्गले प्रभुत्व जमाइरहेका छन् । यसैगरी स्थानीय तहमा राजनीतिक छलफल र स्वार्थका आधारमा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम प्राथमिकतामा पर्ने र छनौट हुने र सोहीअनुरूप बजेट बिनियोजन हुने गरेका छन् ।[१०] यसले सिमान्तीकरणमा पारिएका दलित समुदायको आवाज सायदै सुनिन्छ वा सम्बोधन गरिन्छ भन्ने तीतो यथार्थको सङ्केत गर्दछ ।

निष्कर्ष

यस लेखको उद्देश्य जलवायु परिवर्तनको प्रभाव र दलित सिमान्तीकरणबीच प्रत्यक्ष सम्बन्ध रहेको कुरा प्रष्ट्याउनु हो । जलवायु परिवर्तनसम्बन्धी नीति र कार्यक्रमको पहिचान र प्राथमिकीकरण गर्दा जोखिमपूर्ण अवस्थामा रहेका विभिन्न समूहमध्ये पनि सबैभन्दा धेरै दलित समुदाय जोखिमपूर्ण अवस्थामा छन् र सिमान्तीकरणका कारण उनीहरूमाथि थप अन्याय भइरहेको छ भन्ने यथार्थलाई ध्यान दिइएको छैन । समग्रतामा एउटै दृष्टिकोणबाट हेरिएको छ, जुन सही होइन । त्यसकारण यी समस्यालाई सम्बोधन गर्न मूलतः दुईओटा नीति अवलम्बन गर्न अत्यावश्यक रहेको छ ।

एक, दलित समुदायले बहुआयामिक चुनौतीको सामना गरेका छन् । दलित समुदाय जलवायु परिवर्तनबाट गम्भीररूपमा प्रभावित भएको हुनाले यस्ता नीतिहरू बनाउँदा दलित समुदायमाथि

Second, as a most vulnerable country, Nepal has advocated for climate justice in international climate change negotiations and agreements, aligning itself with other developing countries. However, its climate change policy instruments do not reflect and acknowledge the different kinds of vulnerability and marginalization that exist, especially among different vulnerable populations. Placing all vulnerable groups into the same basket has further created inequalities and levels of marginalization, especially among the Dalit communities. Finally, the Government of Nepal and stakeholders should place greater efforts in developing and implementing climate change policy processes that are more inclusive, acknowledging that climate change is also an issue of social justice. Such efforts not only contribute to minimizing the impact of climate change to the Dalit community, but also to strengthening the adaptative capacities of all marginalized communities across Nepal.

Endnotes

1. Harlan, S.L., Pellow, D.N. and Roberts, J.T. with Bell, S.E., Holt, W.G. and Nagel, J., Climate Justice and Inequality. In Climate Change and Society, Sociological Perspectives (eds.) Dunlap, R.E. and Brulle, R.J. Ford University Press, New York, USA. 2015.
2. Biswokarma, J.B. Politics against the right to land of Dalit. Naya Patrika. January 31. 2019.
3. Nightingale, A.J. Power and politics in climate change adaptation efforts: Struggles over authority and recognition in the context of political instability, Geoforum, 84: p.11-20. 2017.
4. It is mainly because of their weaker power network to influence on decision making process.
5. 2010 National Adaptation Program of Action to Climate Change. Government of Nepal. Kathmandu. Nepal.
6. 2011 Climate Change Policy. Government of Nepal. Kathmandu. Nepal.
7. 2011 National Framework on Local Adaptation Plans for Action. Government of Nepal. Kathmandu. Nepal.
8. 2019 National Climate Change Policy. Government of Nepal. Kathmandu. Nepal.
9. 2019 Local Adaptation Plan of Action Framework. Government of Nepal. Kathmandu. Nepal.
10. Bishwokarma, D., Sherchan, P. and Singh, P.M. Localizing Climate Actions in Nepal: The Role of Local Governments in Implementing National Climate Change Policy and Nationally Determined Contribution. Working Paper. Prakriti Resources Centre. Kathmandu. Nepal. 2021.

परेको जोखिम न्यूनीकरण गर्ने गरी विशेष व्यवस्था गरिनुपर्छ । जलवायु परिवर्तनबाट परेको असर न्यूनीकरण गर्न आवश्यक स्रोत र सेवामाथि दलित समुदायको पहुँच बृद्धि गर्न जलवायु परिवर्तनसँग सम्बन्धित योजना निर्माण र कार्यान्वयन प्रक्रियामा दलितको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । यी सबैले कुराले के देखाउँछ भने जलवायु परिवर्तन र जोखिलाई बुझ्ने सवाल र जलवायु परिवर्तनसम्बन्धी योजना र कार्यान्वयन प्रक्रियाका आमूल परिवर्तनको आवश्यकता छ ।

दुई, नेपाल सबैभन्दा जलवायु परिवर्तन्का दृष्टिकोणले निकै जोखिममा रहेको देश हो । जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रियस्तरमा हुने छलफल र सम्झौताका क्रममा जलवायु नेपालले विकासशील देशहरूसँगको सहकार्यमा न्यायका लागि वकालत गर्दै आइरहेको छ । यद्यपि, जलवायु परिवर्तनसम्बन्धी नीति निर्माण गर्दा देशभित्रका विभिन्न प्रकारका जोखिमपूर्ण अवस्थामा रहेका र सीमान्तीकृत समुदायको सवाललाई भने स्वीकार गरेको छैन वा ती नीतिमा सिमान्तीकृत समुदायको सवाल प्रतिबिम्बित हुने गरेका छैनन् । जोखिमपूर्ण अवस्थामा रहेका सबै समूहलाई एउटै डालोमा राख्दा विशेषगरी दलित समुदायमाथिको असमानता र सिमान्तीकरण अझ बढ्न पुगेको छ । अन्त्यमा, नेपाल सरकार र सरोकारवालाले जलवायु परिवर्तन सामाजिक न्यायको पनि मुद्दा हो भनेर स्वीकार गर्नुपर्छ । यसैगरी जलवायु परिवर्तनसम्बन्धी नीति निर्माण र कार्यान्वयन प्रक्रियालाई समावेशी बनाउनु पर्छ । त्यस्ता प्रयासले दलित समुदायमा जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न मात्र होइन, नेपालभरका सबै सीमान्तकृत समुदायको अनुकूलन क्षमतालाई बलियो बनाउन पनि योगदान दिन्छ ।

पाद टिप्पणी

१ नाइटिङ्गेल, ऐ.जे. । सन् २०१७ । पावर एण्ड पोलिटिक्स इन क्लाइमेट चेन्ज एडप्शन इफोर्टस् : स्ट्रगल्स् ओभर अथोरिटी एण्ड रिकक्निशन इन द कन्टेक्स अफ पोलिटिकल इन्टबिलिटी । जिओफेरम ८४:११-२० ।

२ विश्वकर्मा, जेबी । सन् २०१९ । दलितको भूमिअधिकार विरुद्धको राजनीति । नयाँ पत्रिका दैनिक । जनवरी ३१ ।

३ नाइटिङ्गेल, ऐ.जे. । सन् २०१७ । पावर एण्ड पोलिटिक्स इन क्लाइमेट चेन्ज एडप्शन इफोर्टस् : स्ट्रगल्स् ओभर अथोरिटी एण्ड रिकक्निशन इन द कन्टेक्स अफ पोलिटिकल इन्टबिलिटी । जिओफेरम ८४:११-२० ।

४ यो निर्णय प्रक्रियामा प्रभाव पार्ने उनीहरूको कमजोर शक्ति सञ्जालको कारण हुने गर्दछ ।

५ राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६६ ।

६ जलवायु परिवर्तन नीति, २०६७ ।

७ स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०६८ ।

८ राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ।

९ स्थानीय अनुकूलन कार्ययोजना खाका २०७६ ।

१० डी. विश्वकर्मा, पी. शेरचन र पी.एम. सिंह । २०२१ । नेपालमा जलवायुसम्बन्धी कार्यको स्थानीयकरण : राष्ट्रिय जलवायु नीति र राष्ट्रिय तहमा तय गरिएको योगदानको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका (कार्यपत्र) । प्रकृति रिसोर्स सेन्टर । काठमाडौं, नेपाल ।

Putting climate change on the political agenda

■ Geeta Pandey

Introduction

Climate change has become a global political issue. Having affected heavily the livelihoods of all people, the issue of climate change has to be resolved politically through adopting the necessary policies and programs at all levels to combat a global crisis that has affected both developed and developing countries alike. Most importantly, physical development, excessive growth of certain industries and use of greenhouse gases have all contributed to increased emissions into the atmosphere and a rise in the earth's surface temperature that have all served to amplify the risks to the climate.

In recent years, Nepal has seen as an increase in flash floods, glacier outbursts, droughts, landslides, hot and cold waves, and erratic rainfall, making it one of the most vulnerable countries on the globe in terms of climate change. Such a situation will put at risk the lives and livelihoods of poor, vulnerable and marginalized persons but also affect Nepal's ongoing development efforts. In particular, climate change in Nepal is also having a direct impact on sectors such as agriculture, hydropower and tourism - all major contributors to Nepal's economic growth. Current climate variability and extreme events has already accounted for an estimated economic loss equivalent to an annual cost of 1.5 to 2 percent of GDP/year and is much higher in extreme years, rising to 5 percent or more. Consideration of the additional indirect and macro-economic costs of these impacts could also increase these estimates by anything as much as 25–100 percent.[1]

Policies on climate change

So far, Nepal has developed different policies, including its 2019 policy 'National Climate Change' to minimize the impact of climate change, and enhance

जलवायु परिवर्तन राजनीतिक एजेण्डामा

■ गीता पाण्डे

परिचय

जलवायु परिवर्तनले सबै मानिसको जीविकोपार्जनमा ठूलो असर पारिरहेका कारण यो विश्वव्यापी राजनीतिक मुद्दा बनेको छ । विकसित र विकासोन्मुख सबै राष्ट्रलाई समानरूपमा प्रभावित पार्ने जलवायु परिवर्तनको विश्वव्यापी सङ्कटसँग जुध्नका लागि सबै तहमा आवश्यक नीति तथा कार्यक्रम अवलम्बन गर्नुपर्छ । यसका लागि ती समस्याको समाधान राजनीतिकरूपमा नै खोजिनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा भौतिक विकास, विभिन्न किसिमका उद्योगहरूको अत्यधिक वृद्धि र हरितगृह ग्यासको प्रयोगले वायुमण्डलमा उत्सर्जन बढेको छ र पृथ्वीको सतहको तापक्रममा वृद्धि गराएको छ । यसले जलवायुमा हुने जोखिम बढाइरहेको छ ।

हालैका वर्षहरूमा नेपालमा अचानक आउने खहरे बाढी, हिमताल विष्फोटन, खडेरी, पहिरो, लू (तातो हावा चल्ने मौसमी प्रक्रिया), शीतलहर र अनियमित वर्षामा वृद्धि आदिको अनुभव गरिएको छ । यसले नेपाललाई जलवायु परिवर्तनको दृष्टिले विश्वको सबैभन्दा जोखिमपूर्ण देशहरूमध्ये एउटा देशको सूचीमा समावेश गराएको छ । यस्तो अवस्थाले गरिब, जोखिमपूर्ण अवस्थामा रहेका र सिमान्तीकृत समुदायको जीवन र जीविकोपार्जनलाई जोखिममा पार्नुका साथै नेपालमा सञ्चालनमा रहेका विकास प्रयासलाई पनि असर गरेको छ । विशेषगरी नेपालको आर्थिक वृद्धिमा प्रमुख योगदान दिने कृषि, जलविद्युत् र पर्यटन जस्ता क्षेत्रमा जलवायु परिवर्तनको प्रत्यक्ष असर परिरहेको छ । यसरी जलवायु परिवर्तनका कारण आएका विभिन्न परिवर्तन र घटनाक्रमले नेपालको प्रतिवर्ष कूल गार्हस्थ उत्पादन १.५ देखि २ प्रतिशत मूल्य बराबरको अनुमानित आर्थिक क्षति पुऱ्याएको छ । जलवायु परिवर्तनको उच्च प्रभाव परेका वर्षमा त यो क्षति वृद्धि भएर ६ प्रतिशत वा त्योभन्दा बढीसम्म पुग्ने गरेको देखिन्छ । यी प्रभावबाट आर्थिक क्षेत्रमा पर्ने अतिरिक्त अप्रत्यक्ष र सुक्ष्म-आर्थिक लागतलाई समेत विचार गर्ने हो भने क्षतिको अनुपात बढेर २५ देखि १०० प्रतिशतसम्म पुग्न सक्ने अनुमान गर्न सकिन्छ ।[१]

जलवायु परिवर्तनसम्बन्धी नीति

नेपालले अहिलेसम्म जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न र समुदायको प्रतिरोधी क्षमता बढाउनका लागि विभिन्न नीतिको निर्माण गरेको छ । 'राष्ट्रिय जलवायु परिवर्तन

community resilience. Although Nepal has made an insignificant contribution to global Green House Gas (GHG) emissions,[2] it has at least shown a commitment to acting on climate change as a member of the Paris Agreement. The fact remains though that efforts to limit global temperature rising to 1.5 degree Celsius would help towards lowering the impacts of climate change. Henceforth, Nepal chose to develop the 2020 Nationally Determined Contribution, which was aimed at meeting the targets set by the Paris Agreement. Nepal has adopted their 2021 to 2050 National Adaptation Plan, and submitted, in 2021, a long-term strategy for net-zero emissions, and the Third National Communication Report to the UN Framework Convention on Climate Change (UNFCCC).

However, a very simple solution to all of these problems is to have 'clean politics', including having a real commitment from politicians towards national development, a greater political will and more effective policy implementation as climate change gets more space in the global political sphere. Indeed, certain countries, such as the UK, have already declared a 'climate emergency' in order to gain political support to tackle these issues. In response, during UNFCCC 2021 COP 26, Nepal publicly unveiled three key policy pledges, namely, to start reducing carbon emissions from 2022 and be carbon negative by 2045; halt deforestation and increase forest cover to 45 percent by 2030; and ensure all vulnerable persons are protected from climate change by 2030. Certainly, while all of these public pledges are most welcome, for their successful implementation to be guaranteed, all key stakeholders now have a key role to play in seeing each of them implemented in full.

Poor implementation of the policies

Although the Government of Nepal has adopted certain policies to reduce the negative impact of climate change, at present, these policies appear to be contradictory. On one hand, the Government has adopted a policy of zero carbon emissions while, on the other, it plans to increase the storage capacity and construction of a pipeline for petroleum products, and open industries, factors, which all serve to increase carbon emissions. The project for just the pipeline alone, which includes building associated infrastructure, is estimated to be worth Rs 14 billion. Therefore, such policies have only added challenges to the implementation of Nepal's climate change commitments.

Likewise, forestry preservation is key to reducing vulnerability to climate change. Yet, regarding the pledge of ending deforestation by 2030 (with the increase of the total forest area of Nepal by 45 percent) the Government has initiated a deforestation plan in the name of the infrastructure development. And here, the

नीति, २०७६' तिनै नीतिमध्ये एक हो । नेपालले विश्व हरितगृह ग्यास उत्सर्जन (जीएचजी)मा[२] ठूलो योगदान पुऱ्याउन नसकेको भए पनि पेरिस सम्झौताको सदस्यको रूपमा जलवायु परिवर्तनप्रति काम गर्ने प्रतिबद्धता जनाएको छ । हामी सामु के तथ्य छ भने विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रयासका कारण जलवायु परिवर्तनको असरलाई कम गर्न सघाउ पुऱ्याउँछ । त्यसैलाई आधार मानेर पेरिस सम्झौताले तोकेका लक्ष्य पूरा गर्ने उद्देश्यस्वरूप सन् २०२० मा नेपालले राष्ट्रिय योगदानको लक्ष्य निर्धारण गरेको छ । यसैगरी नेपालले सम्झौतामा उल्लेख भएअनुसार सन् २०२१ देखि सन् २०५० सम्मको राष्ट्रिय अनुकूलन योजना निर्माण गरेको र शून्य कार्बन उत्सर्जनसम्बन्धी लागि दीर्घकालीन रणनीति सन् २०२१ पनि पेश गरेको छ । यसका साथै नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धी खाका (युएनएफसीसीसी)लाई तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन पनि पेश गरिसकेको छ ।

यद्यपि, यी सबै समस्या समाधानका लागि समान्यतया 'स्वच्छ राजनीति' आवश्यक हुन्छ । यसअन्तर्गत राष्ट्रिय विकासप्रति राजनीतिज्ञहरूको वास्तविक प्रतिबद्धता, बृहत्त राजनीतिक इच्छा शक्ति र जलवायु परिवर्तनले विश्वव्यापी राजनीतिक क्षेत्रमा स्थान पाउँदै जाँदा यो विषयसँग सम्बन्धित नीतिको प्रभावकारी कार्यान्वयनजस्ता विषय पर्दछन् । वास्तवमा, बेलायतलगायत कतिपय देशहरूले जलवायु परिवर्तनबाट सिर्जना भएका समस्याको सामाधानका लागि राजनीतिक समर्थन जुटाउनका 'जलवायु संकटकाल' घोषणा नै गरिसकेका छन् । यस सन्दर्भमा नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धी अन्तर्गत सन् २०२१ को आयोजना गरिएको कोपा २६ सम्मेलनमा तीनओटा प्रमुख नीतिगत प्रतिबद्धता प्रस्तुत गरेको थियो । ती यसप्रकार थिए : एक, सन् २०२२ देखि कार्बन उत्सर्जन घटाउँदै जाने र सन् २०४५ सम्ममा कार्बनबिहीन अवस्थामा पुग्ने । दुई, जङ्गल फँडानी रोक्ने र सन् २०३० सम्ममा जङ्गलको क्षेत्रफल ४५ प्रतिशत पुऱ्याउने । र तीन, जलवायु परिवर्तनका कारण जोखिमपूर्ण अवस्थामा रहेका सबै व्यक्तिलाई सुरक्षित राख्ने कुरा सुनिश्चित गर्ने । निश्चय नै सार्वजनिक गरिएका यी सबै प्रतिबद्धता स्वागतयोग्य छन् । उल्लेखित प्रत्येक प्रतिबद्धताको पूर्ण र सफल कार्यान्वयनको सुनिश्चितताका लागि सबै मुख्य सरोकारवालाले प्रभावकारी भूमिका खेल्नुपर्छ ।

नीतिको कमजोर कार्यान्वयन

नेपाल सरकारले जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न केही नीतिगत व्यवस्था गरेको छ । तथापि, ती नीतिहरू आफैँमा विरोधाभासपूर्ण छन् । एकातिर सरकारले शून्य कार्बन उत्सर्जन गर्ने नीति अपनाएको छ भने अर्कोतर्फ पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउने र पेट्रोलियम उत्पादनका लागि पाइपलाइन निर्माण गर्ने र उद्योग कलकारखाना खोल्ने योजना बनाएको छ । यस्तो पूर्वाधारसँग सम्बन्धित पाइपलाईन परियोजनाको लगानी मात्रै १४ अर्ब रुपैयाँ हुने अनुमान गरिएको छ । त्यसकारण, त्यस्ता नीतिले नेपालको जलवायु परिवर्तन प्रतिबद्धताको कार्यान्वयनमा चुनौती थपेका छन् ।

त्यसैगरी जलवायु परिवर्तनको जोखिमलाई कम गर्न वन संरक्षण निकै महत्वपूर्ण हुन्छ । सरकारले भने एकातिर सन् २०३० सम्ममा वन फँडानी अन्त्य गर्ने (नेपालको कूल वन क्षेत्र बृद्धि गरेर ४५ प्रतिशतले पुऱ्याउने) प्रतिबद्धता गरेको छ अर्कोतिर पूर्वाधार विकासको नाममा वन फँडानीको योजना अघि सारेको छ । यस सवालमा नीतिगत अन्तरविरोधको

Nijgad international airport construction can be taken as a good example of this apparent contradiction in policy. For this project, more than 2.4 million small and large trees will need to be felled to build the airport as per the environmental and social impact assessment conducted by the Tourism and Civil Aviation Ministry back in early 2017. Therefore, the Government's actions to date appear to demonstrate a series of contradictions in regard to their declared commitments on climate change and what has actually happened in practice.

That is why the Government needs to review and amend such policies to realistically achieve its overall climate change goals. For example, while petrol and diesel-fueled vehicles are major source of harmful air pollution, at the moment, the Government has been importing both diesel and petroleum products. On the one hand, this action has brought about a huge trade deficit, and, on the other hand, it has become a source of air pollution. Therefore, the commitment and often grandiose language displayed by Nepali politicians on the global political stage and the existing policies do not suggest that the current political leadership is particularly dedicated to reducing the effects of climate change.

Role of the political parties

More broadly, let us be clear also that climate resilient development, centering on national priorities, benefits Nepal environmentally and economically more at the local and national level than at the broader international arena. The Government has envisioned the mantra 'Prosperous Nepal, Happy Nepali' for the socio-economic well-being of the people. However, while the Government is going about achieving this overall goal through the adoption of a multi-dimensional approach (for example, a roadmap for long-term vision, long-term national goals, long-term national strategies, drivers of transformation and factors of enablers), these strategies need to include climate change related goals and strategies. The long-term vision of 'Prosperous Nepal, Happy Nepali', envisioned by the 15th Five-Year National Periodic Plan, is also linked to this. The Plan's goals and targets contribute significantly to changing the face of Nepal through the use of resources as well as efficient implementation of national policies and plans. However, the Government needs to place a greater political priority on climate resilient development by focusing on environmental protection. Now, as the Plan is now approaching its mid-term review, this is a really timely opportunity to reintroduce these issues back on the agenda and to make the appropriate plans and programs.

Again, let us return to the fact that political parties are key actors in this whole process. Thus, political parties must be able to better demonstrate a clearer

उदाहरणका स्रमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई लिन सकिन्छ । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सन् २०१७ मा गरेको वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कनअनुसार यो विमानस्थल निर्माणका लागि २४ लाखभन्दा बढी साना र ठूला रूख काट्नु पर्ने हुन्छ । जलवायु परिवर्तनसम्बन्धी सरकारले गरेको प्रतिबद्धता तथा घोषणा र व्यवहारमा भइरहेको कामकारबाही हेर्दा नीति र व्यवहारबीचको अन्तरविरोधको श्रृङ्खला नै देखिन्छ ।

त्यसकारण सरकारले समग्र जलवायु परिवर्तनको वास्तविक लक्ष्य प्राप्तिका लागि सरकारले निर्माण गरेका नीतिको समीक्षा र परिमार्जन गर्न आवश्यक छ । उदाहरणका लागि पेट्रोल र डिजेलबाट चल्ने सवारी साधन हानिकारक वायु प्रदूषणको प्रमुख स्रोत हुन् तर सरकारले अहिले डिजेल र पेट्रोलियम पदार्थ आयात गरिरहेको छ । यसले एकातिर ठूलो व्यापार घाटा बढाएको छ भने अर्कोतिर पेट्रोलियम पदार्थ वायु प्रदूषणको मुख्य कारण बनिरहेको छ । त्यसकारण नेपालका राजनीतिज्ञले विश्वव्यापी राजनीतिक मञ्चमा गरेका प्रतिबद्धता र भाषण भव्य देखिए पनि नेपालका नीति र राजनीतिक नेतृत्व जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न पूर्णस्रमा संवेदनशील र प्रतिबद्ध छन् भन्न सक्ने अवस्था भने छैन ।

राजनीतिक दलहरूको भूमिका

बृहतस्रमा भन्ने हो भने हामीलाई के स्पष्ट हुनुपर्छ भने जलवायु परिवर्तनको सामना गर्ने क्षमता विकास, यो सवाललाई राष्ट्रको केन्द्रिय प्राथमिकता समावेश गर्दा नेपाललाई वातावरणीय र आर्थिकस्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा भन्दा बढी फाइदा पुग्नेछ । सरकारले जनताको सामाजिक–आर्थिक हितका लागि 'समृद्ध नेपाल, सुखी नेपाली'को परिकल्पना गरेको छ । सरकारले उक्त राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि जलवायु परिवर्तनसँग सम्बन्धित बहुआयामिक दृष्टिकोण (उदाहरणका लागि दीर्घकालीन सोच, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दीर्घकालीन राष्ट्रिय रणनीति, स्रान्तरणका गति शक्ति र सहयोगी तत्वका लागि मार्गचित्र) अवलम्बन गर्नुपर्ने थियो । १५ औं राष्ट्रिय पञ्चवर्षीय योजनाले परिकल्पना गरेको 'समृद्ध नेपाल, सुखी नेपाली'को दीर्घकालीन सोच पनि यसैसँग जोडिएको थियो । उक्त योजना र सूचकले स्रोत साधनको प्रयोगका साथै राष्ट्रिय नीति तथा योजनाको प्रभावकारी कार्यान्वयनमार्फत नेपालको मुहार परिवर्तन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने लक्ष्य राखेको थियो । तर, सरकारले वातावरण संरक्षणमा केन्द्रित भएर जलवायु परिवर्तनको प्रतिरोध गर्ने शक्ति विकास गर्ने कामलाई राजनीतिकस्रमा प्राथमिकता दिनुपर्थ्यो । १५ औं पाँचौं पञ्चवर्षिय योजना मध्यावधि समीक्षाको चरणमा आइपुगेको यो अवस्थामा ती सवाललाई कार्यसूचीमा पुनः प्रस्तुत गर्न र उपयुक्त योजना तथा कार्यक्रम बनाउन यो वास्तवमै अनुकूल अवसर हो ।

यसका साथै यो प्रक्रियामा मुख्य भूमिका निर्वाह गर्ने राजनीतिक दलहरू हुन् । राजनीतिक दलहरूले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणको बलियो आधारमा निर्माण गर्न आवश्यक नीति र कार्यक्रम बनाउनु पर्छ । यसका लागि ती दलहरूमै यो सवालमा स्पष्ट बुझाइ हुन जरूरी छ र ती कुरा पार्टीका गतिविधिमा प्रतिबिम्बित हुनुपर्छ । तर, अहिलेसम्म राजनीतिक दलहरूले यो सवालमा कुनै गम्भीर नीति बनाएका छैनन् । संक्षेपमा भन्दा जलवायु परिवर्तनको सवाल गरिब, जोखिमपूर्ण अवस्थामा रहेका र सिमान्तीकृत समुदायको जीवनसँग

understanding of the policies and programs required to put climate change on a firmer footing. However, as already eluded to, political parties have not developed any serious policies on this issue to date. In short, climate change is not seen as a priority amongst political parties, despite the fact that this issue is closely linked with lives of the poor, vulnerable and different marginalized groups, and has further complicated existing problems such as floods, landslides, droughts, fires, famines, and migration. Although this is an element that can strongly shape the attention and relevance that political parties place on issues of climate change, for the time being at least political parties are failing to recognize its importance.[3] Instead, political parties largely view the issues of environmental conservation and climate change as simply creating interruption within the overall development process.

Sensitize political parties through collective efforts

Of course, civil society also has not played a strong enough role in spreading awareness among the political class on this issue. That is why a collective effort of climate change experts, key stakeholders and other activists working in the sector needs to be made stronger to politically mainstream these issues. If such a collective effort can prove to be successful, it will surely have the result of lifting the vexed issue of how to address climate change right up the domestic policy agenda, and contribute to more effective policy implementation in the interest of citizens. Likewise, it will also help to sensitize political parties, through a variety of different mechanisms, to better frame their policy positions. Finally, such partnerships will also encourage political parties to include climate actions in their election manifestos by introducing specific plans and strategies for execution, review and follow up.

Although the climate change crisis at an alarming situation, as a less developed nation, Nepal does not have the ability to address such issues alone. Hence, a multi-stakeholder intervention is required, including building a broader political framework with a consensus of national political parties, policymakers, private sector, civil society and the media. To tackle climate crisis, Nepal should prepare realistic and practical policies and plans. Nepal has spelled-out a number of national goals, targets and strategies in different planning frameworks. Those frameworks should now be urgently addressed, identified, prioritizing issues surrounding climate change. Therefore, the concerned authorities should identify the impact of climate change at all levels. After the identification and prioritization of the issues, all three tiers of government should implement the prepared policy instruments.

Investment is another important tool to achieve all necessary goals and targets. Yet, the current trend of funding and investment in Nepal on climate change

सघनरूपमा जोडिएको सवाल हो । यसका साथै जलवायु परिवर्तन बाढी, पहिरो, खडेरी, आगलागी, अनिकाल र बसाइँसराइ जस्ता समस्याहरूलाई थप जटिल बनाउने विषय हो । तर पनि राजनीतिक दलहरूले जलवायु परिवर्तनलाई प्राथमिकता मुद्दाका रूपमा स्वीकार गरेका छैनन् । यो जलवायु परिवर्तनका सवाललाई राजनीतिक दलहरूले विशेष ध्याद दिएर यसको समाधानका लागि ठोस दृष्टिकोण दिन सक्छन् । तर, राजनीतिक दलहरूले यो सवालको महत्वलाई पहिचान गर्न सकिरहेका छैनन् ।[3] बरु राजनीतिक दलहरू वातावरण संरक्षण र जलवायु परिवर्तनका सवाललाई समग्र विकास प्रक्रियाको सामान्य अवरोधका रूपमा मात्रै लिन्छन् ।

राजनीतिक दललाई संवेदनशील बनाउन सामूहिक प्रयत्न

स्वभाविकरूपमा नागरिक समाजले जलवायु परिवर्तनका सवालमा राजनीतिक समूहलाई सचेत गराउन सशक्त भूमिका निर्वाह गर्न सकेको छैन । त्यसैले जलवायु परिवर्तनलाई राजनीतिको मूलधारमा ल्याउन जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील विज्ञ, यो विषयसँग सम्बन्धित सरोकारवाला र यस क्षेत्रमा काम गरिरहेका अभियन्ताबीचको सामूहिक प्रयास आवश्यक छ । यदि यस्तो सामूहिक प्रयास सफल भयो भने यो प्रयत्नले निश्चितरूपमा जलवायु परिवर्तनलाई कसरी आन्तरिक नीति र कार्यसूचीमा ठीक ढङ्गले सम्बोधन गर्ने भन्ने सवाललाई उठाउँछ । यसैगरी नागरिकको हितमा थप प्रभावकारी नीति निर्माण र कार्यान्वयनमा पनि योगदान पुऱ्याउँछ । यसैगरी यसले राजनीतिक दलहरूलाई विभिन्न संयन्त्रमार्फत पार्टीको नीतिमा राम्ररी समावेश गराउन पनि सहयोग गर्छ । अन्त्यमा यस्तो सहकार्यले राजनीतिक दललाई निर्वाचनको घोषणापत्रमा जलवायुसम्बन्धी सवाललाई समावेश गर्न र यो समस्या समाधानका लागि विशेष योजना र रणनीतिको पहिचान गर्नका साथै अहिले भएका नीतिको समीक्षा गर्न र आगामी कार्ययोजना बनाउन पनि सहयोग पुऱ्याउनेछ ।

जलवायु परिवर्तनको सङ्कट डरलाग्दो अवस्थामा छ । तथापि, विकासशील देश नेपाल एक्लैले यो समस्याको सामना गर्ने क्षमता राख्दैन । त्यसकारण यो समस्या समाधानका लागि बहुपक्षीय कार्यक्रमको आवश्यकता पर्छ । जलवायु परिवर्तनले सिर्जना गरेको समस्या समाधानका लागि राष्ट्रिय राजनीतिक दल, नीति-निर्माता, निजी क्षेत्र, नागरिक समाज र सञ्चारमाध्यमको संलग्नतामा बृहत्तर राजनीतिक खाका निर्माण गरिनुपर्छ । जलवायु परिवर्तनको सङ्टसँग जुध्न नेपालले यथार्थपरक र व्यावहारिक नीति तथा योजना तर्जुमा गर्नुपर्छ । नेपालले विभिन्न योजना ढाँचामा जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय लक्ष्य र रणनीति तयार पारेको छ । ती ढाँचाले तुरन्तै जलवायु परिवर्तनको सवाललाई सम्बोधन, पहिचान र यी विषयसँग सम्बन्धित सवाललाई प्राथमिकीकरण गर्नुपर्छ । त्यसैले जलवायु परिवर्तनको सबै तहमा परेको असरको सम्बन्धित निकायले पहिचान गर्नुपर्छ । यो सवालको पहिचान र प्राथमिकीकरणका साथसाथै तीनै तहका सरकारले भएका नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

सबै आवश्यक लक्ष्य र परिणाम हासिल गर्नका लागि आवश्यक यो क्षेत्रमा हुने लगानीले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तर, नेपालमा अहिले जलवायु परिवर्तनका विषयमा सहयोग र लगानी गर्ने प्रवृत्ति अत्यन्तै कमजोर छ । त्यसैले यो सवालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीले वार्षिक बजेटको ढाँचामा वित्तीय प्रवाह र विनियोजनको मात्रालाई

issues remain critically low. Hence, national and international investment should increase the financial flow and allocation of an annual budgetary framework. Likewise, effective governance is also a significant tool to implement policies, plans and programs. Therefore, to effectively tackle the current climate change crisis and to implement the existing policy framework, all three tiers of government should make all the required institutional arrangements to ensure effective service delivery. The climate change financing framework of Nepal, prepared by the Ministry of Finance in 2017, states that a specific funding strategy is required, which can contribute significantly to mainstreaming climate change issues and to achieving intended national goals.

Therefore, as climate change has become a global issue, political parties need to include climate change in their key policies, programs and create a wider discourse, which will help in achieving Nepal's climate action targets. Nepal also needs to see more 'champions of climate change' within political parties itself to take a lead on achieving the goal of climate change. Climate change campaigners should also lobby with political leaders to mainstream climate change agenda within their respective party programs. Civil society can also constructively influence political parties during the periodic elections to raise the climate agenda and make the commitment to protect and conserve the environment.

Conclusion

Citizens must now see a greater consciousness on part of political parties to include climate change within their respective policy agendas. As elections draw nearer across 2022, citizens need to publicly raise the issue of climate change, which will in turn increase the likelihood of political parties prioritizing this issue at election time. In short, it is important to position climate change on the political agenda, by which it becomes a matter of electoral relevance and competition between political parties. Let us also remember that the democratic struggle of Nepal focused on civil and political rights basically to exercise democratic values and principles with meaningful freedom and liberty. This political transition is moving towards a socio-economic and cultural transformation. Yet, the climate change crisis poses a real threat for Nepal's economic prosperity and social transformation. That is why political parties need to create a political momentum and lead the agenda for a sustainable human future on behalf of those they purport to democratically represent.

बढाउन आवश्यक छ । त्यसैगरी, नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रभावकारी शासन व्यवस्थाले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ, वर्तमान जलवायु परिवर्तनको सङ्कटको प्रभावकारी रूपमा सामना गर्न र विद्यमान नीतिलाई कार्यान्वयन गर्न तीनै तहका सरकारले आवश्यक संस्थागत व्यवस्थाका साथै प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक छ । सन् २०१७ मा अर्थ मन्त्रालयले तयार पारेको नेपालको जलवायु परिवर्तन वित्तीय लगानी ढाँचाले जलवायु परिवर्तनका सवाललाई मूलधारमा ल्याउन र अपेक्षित राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउन आर्थिक रणनीति आवश्यक रहेको उल्लेख गरेको छ ।

जलवायु परिवर्तन विश्वव्यापी सवाल बनेको हुनाले राजनीतिक दलहरूले आफ्ना मुख्य नीति तथा कार्यक्रममा जलवायु परिवर्तनका मुद्दालाई समावेश गर्नुपर्छ । यसले नेपालको जलवायु परिवर्तनसम्बन्धी लक्षित उद्देश्य हासिल गर्न सहयोग गर्ने र बृहत्तर बहस निर्माण गर्न सहयोग पुऱ्याउँछ । जलवायु परिवर्तनको लक्ष्य हासिल गर्न नेपालका राजनीतिक दलले नेतृत्व लिने र 'जलवायु परिवर्तनको सम्बाहक' हुनुपर्छ । यस्ता जलवायु परिवर्तनका अभियान्ताले राजनीतिक दलभित्र यी मुद्दालाई मूलप्रवाहीकरण गर्नका लागि राजनीतिक नेतृत्वस बहस र पैरवी गर्नुपर्छ । नागरिक समाजले पनि राजनीतिक दललाई जलवायु परिवर्तनको मुद्दामा आवधिक गराउन र चुनावको समयमा यी सवाललाई दलको कार्यसूचीमा समावेश गराउनसका साथै वातावरण संरक्षण र सम्बर्द्धनमा प्रतिबद्धता जनाउन रचनात्मक प्रभाव पार्न सक्छ ।

निष्कर्ष

राजनीतिक दललाई उनीहरूका नीतिमा जलवायु परिवर्तनलाई समावेश गराउन नागरिकले पनि सचेततपूर्वक भूमिका खेल्नुपर्छ । सन् २०२२ मा हुने निर्वाचन नजिकिँदै गर्दा नागरिकले पनि जलवायु परिवर्तन र यसका प्रभावको सवाललाई सार्वजनिक रूपमा उठाउनु पर्छ । यसले चुनावको समयमा राजनीतिक दललाई यो मुद्दालाई प्राथमिकता दिने सम्भावना बढाउँछ । सारांशमा भन्दा राजनीतिक दलले जलवायु परिवर्तनलाई स्थान दिनु महत्वपूर्ण छ । यसो हुन सकेमा जलवायु परिवर्तन्का मुद्दा राजनीतिक दलबीचको चुनावी सान्दर्भिकता र प्रतिस्पर्धाको विषय बन्नेछ । यस सन्दर्भमा नेपालको लोकतान्त्रिक सङ्घर्ष मूलतः अर्थपूर्ण सहभागिता र स्वतन्त्रताको साथ लोकतान्त्रिक मूल्य र सिद्धान्तको अभ्यास गर्ने नागरिक र राजनीतिक अधिकारमा केन्द्रित थियो भन्ने कुरा पनि स्मरणीय छ । यो राजनीतिक सङ्क्रमण सामाजिक-आर्थिक र सांस्कृतिक रूपान्तरणतर्फ अघि बढिरहेको छ । तर, जलवायु परिवर्तनको सङ्कट अहिले नेपालको आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि वास्तविक खतरा बनेका छन् । त्यसैले राजनीतिक दलहरूले राजनीतिक गति स्थापित गर्दै लोकतान्त्रिकरूपमा प्रतिनिधित्व गर्ने जनताका तर्फबाट दीगो मानव भविष्य निर्माणका लागि नेतृत्व लिन आवश्यक छ ।

Endnotes

1 Integrated Development Society (IDS)-Nepal, Practical Action Consulting (PAC) and the Global Climate Adoption Partnership (GCAP). 2014. Economic Impact Assessment of Climate Change in Key Sectors in Nepal. IDS-Nepal, Kathmandu, Nepal.

2 As per the Greenhouse Gas (GHG) Emissions Factsheet: Nepal of the Climate Link, Nepal's total GHG emissions in 2014 were 44.06 million metric tons of carbon dioxide equivalent (MtCO2e), totaling 0.09 percent of GHG emissions.

3 In-depth interviews were undertaken with party representatives from the former Nepal Communist Party (the party was formed merging Communist Party of Nepal-Maoist Center and Communist Party of Nepal-Unified Marxist Leninist on May 17, 2018, and annulled the merger by the supreme court on March 7, 2021) Nepali Congress, Rastriya Prajatantra Party, Bibeksheel Sajha Party and the Federal Socialist Forum Nepal, which revealed that climate change remains a low political priority in each of their respective parties.

पाद टिप्पणी

१ इन्टेग्रेटेड डेभलपमेन्ट सोसाइटी (आइडीएस)-नेपाल, प्राक्टिकल एक्शन कन्सल्टिङ (पीएसी) एण्ड द ग्लोबल क्लाइमेट एडप्शन पार्टनरसिप (जीसीएपी) । सन् २०१४ । इकोनोमिक इम्प्याक्ट एसिसमेन्ट अफ क्लाइमेट चेन्ज इन की सेक्टरर्स इन नेपाल । काठमाडौं, आइडीएस-नेपाल नेपाल ।

२ हरितगृह ग्यास उत्सर्जनसम्बन्धी फ्याक्टसिट नेपाल र जलवायुको सम्बन्ध अनुसार सन् २०१४ मा नेपालको कूल हरितगृह ग्यास उत्सर्जन ४४.०६ मिलियन मेट्रिक टन कार्बनडाइअक्साइड बराबर थियो र यो भनेको विश्व हरितगृह ग्यास उत्सर्जनको ०.०९ प्रतिशत हिस्सा हो ।

३ साविकको नेपाल कम्युनिस्ट पार्टी (नेकपा एमाले र नेकपा माओवादी केन्द्र गाभिएर सन् २०१८ मार्च १७ मा नेपाल कम्युनिस्ट पार्टी बनेको थियो र सन् २०२१ मार्च ७ मा स. सर्वोच्च अदालतको आदेशबाट यो एकता खारेज भयो), नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील साझा पार्टी र सङ्घीय समाजवादी फोरम नेपालका प्रतिनिधिहरूसँग गहन छलफल गरियो र छलफलले उनीहरूको पार्टीभित्र जलवायु परिवर्तन न्यून राजनीतिक प्राथमिकतामा रहेको तथ्य बाहिर आयो ।

The impact of climate change and local government

■ Sujata Tamang

Various impacts of climate change have surfaced in Nepal. Time and again, these impacts are discussed at national and international level forums. Yet, community level debate on climate change induced problems faced by the community have never really been discussed. Furthermore, local governments have also not shown any substantive interest in either the impact of climate change or in the approaches to safeguard society from such impacts. For example, garbage has piled up on Mount Sagarmatha and the volume of snow has decreased in the Himalayas transforming them into a black rocky mountain. However, despite all of this, the impact of climate change on the lives of ordinary people living in the Himalaya region have not become an issue of major concern. Therefore, for this reason alone, the profound impact of climate change in the Solukhumbu district, home to Mount Sagamatha, will be the focus of this article.

Nature faces the direct impact of climate change. World temperatures are increasing due to climate change. Indeed, the rise in temperatures has seen Nepal's once snowy Himalayan range turn into mountains often void of snow. The Solukhumbu district is an important place for trekking with domestic and international trekkers arriving to look at these snowy mountain ranges while they trek. However, due to climate change, the once snowy Himalayas are slowly changing into the Rocky Mountains. Similarly, climate change has also caused snow glaciers to burst, which have resulted in physical and human loss. Reports from the International Centre for Integrated Mountain Development and the UNDP state that some 21 glacial lakes in Nepal may burst any time soon with the Tsho Rolpa and Imja glacial lakes at risk the most.[1]

People living by these glacial lakes or river banks, which will be flooded by glacial lake outbursts, will be affected the most. People living by these glacial lakes or river banks, which will be flooded by glacial lake outbursts, will be

जलवायु परिवर्तनको असर र स्थानीय सरकार

■ सुजाता तामाङ

नेपालमा जलवायु परिवर्तका विभिन्न असर देखिएका छन् । यस्ता असरबारे बेलाबखत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्मेलन, गोष्टी र सेमिनार हुने गरेका छन् । यद्यपि, स्थानीय समुदायले जलवायु परिवर्तनका कारण कस्ता समस्या भोग्नु परेको छ भन्ने विषयमा समुदायस्तरमा चाहिँ खासै छलफल हुने गरेका छैनन् । अझ नागरिक जीवनसँग प्रत्यक्षरूपमा जोडिएको स्थानीय सरकारले न त जलवायु परिवर्तनका गम्भीर असरबारे चासो लिएका छन् न त त्यस्ता असरबाट समाजलाई बचाउने सवालमै गम्भीरता देखाएका छन् । उदाहरणका लागि संसारको सबैभन्दा अग्लो शिखर सगरमाथामा फोहरको थुप्रो जम्मा भएको छ भने हिउँको मात्रा घट्दै गएर हिमालहरू काला पहाडमा रूपान्तरित भइरहेका छन् । अर्कोतिर जलवायु परिवर्तनका कारण हिमालयन क्षेत्रमा बसोबास गर्ने आम मानिसको जीवनमा परेको प्रभाव वा समस्या तथा सरोकार कुनै चिन्ता र चासोको विषय बन्न सकेको छैन । त्यसैले संसारको सबैभन्दा अग्लो शिखर सगरमाथा समेत रहेको सोलुखुम्बु जिल्लामा जलवायु परिवर्तनले पारेका केही महत्वपूर्ण असरलाई केन्द्रमा राखेर यो लेखमा तयार पारिएको छ ।

जलवायु परिवर्तनका प्रत्यक्ष प्रभाव प्रकृत्तिमा पर्ने गरेको छ । जलवायु परिवर्तनका कारण संसारभरि नै तापक्रम बृद्धि हुने क्रममा छ । नेपालमा पनि तापक्रम बृद्धिसँगै हिमालय श्रृङ्खलाका केही भाग हिँउबिहीन पहाडमा परिवर्तन भइरहेका छन् । सोलुखुम्बु पदयात्राका लागि अत्यन्तै महत्वपूर्ण ठाउँ हो । यहाँ हिमश्रृङ्खलाको अवलोकन गर्दै पदयात्रा गर्न धेरै स्वदेशी र विदेशी पदयात्री पुग्छन् । तर, जलवायु परिवर्तनका कारण ती हिमालमा हिउँ हराउँदै गएका कारण यसले पदयात्रीलाई पनि असर गरिरहेको छ । यसैगरी जलवायु परिवर्तनको असरस्वरूप बेलाबखत हिमताल फुट्ने गरेका छन् । यसरी हिमताल फुट्दा भौतिक र मानवीय दुवै किसिमको क्षति हुने गरेको छ । हिमाल क्षेत्रबारे अध्ययन गर्ने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसीमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)को प्रतिवेदनअनुसार नेपालमा २१ ओटा हिमताल कुनै पनि बेला फुट्न सक्ने जोखिमपूर्ण अवस्थामा छन् ।[1]

यसरी हिमताल फुटेको खण्डमा हिमतालको नजिकै बसोबास गर्ने र तालको पानीको बहाव हुने नदी किनारमा बसोबास गर्ने बासिन्दा सबैभन्दा धेरै प्रभावित हुन सक्छन् । उदाहरणका लागि सोलुदूधकुण्ड नगरपालिकाको नुम्बुर हिमाली क्षेत्रमा रहेको चोकर्मा हिमताल फुटेको घटनालाई लिन सकिन्छ । वि.सं. २०७७ साउन महिनामा चोकर्मा हिमताल अचानक फुटेको थियो । बेनीखोला हुँदै सोलुखोलामा एक्कासी पानीको बहाव तीब्ररूपमा

affected the most. For example, the Chokarma glacial lake which is at the Numbur mountain area of Solududhkunda municipality burst in July 2020 without any warning. This particular lake burst in July 2020 without any warning. All of a sudden, the water level in the Solu River all the way from the Beni River rose creating havoc in the human settlements situated along the river bank. The water force after the lake's outburst swept cow sheds and wooden bridge(s) into the base camp of the Numbur mountain. This sudden outburst resulted in huge physical structural damage even though human loss was not major on this occasion. There is also the probability of an outburst of the Dudhkunda glacial lake, which is 25 km north of Salleri, the district headquarters of Solukhumbu. In the same way, sand infiltration in the Mahakunda glacial lake, which is further up the side of this lake, is also increasing in size, which is increasing the risk of the Mahakunda glacial lake bursting. Therefore, the changes in glacial lakes affected by climate change has overtly affected the lives of citizens.

At the same time, climate change has caused production problems in the region's agricultural sector. Local people are facing an extended dry season, sudden cases of heavy rainfall and hailstones, frost, as well as snow fall at different times. All of this has resulted in the decreases of agricultural produce. As a direct result of climate change, paddy has stopped growing, the once abundant supply of potatoes has decreased and apple orchards also yield less produce. This sudden change in the weather has resulted in grains, fruits and vegetables all being infected by different insects. The productions of apple, kiwi, cardamom, potato, and tomato have all decreased even in the regions previously declared to be areas of major production. Therefore, those farming labor intensive cash crops (such as potatoes, maize, paddy, and wheat) have all largely stopped farming because of lower yields. As a consequence, farm fields are left untilled. So, the situation is such that a farmer's lifetime of hard work and investment can count for little. Although climate change is one of the reasons for this situation, governments at all three tiers have been unable to play an effective role in addressing this issue.

The environmental cycle is also imbalanced due to human activity. Following the formation of local government structures across the country, the development of physical infrastructure has been prioritized, with road construction prioritized the most. Yet, serious environmental problems have begun to surface due to often haphazard construction of roads, which are built without conducting any real environmental assessments. Problems such as landslides and land erosion are seen in surrounding areas of road construction. This construction is also drying water sources resulting in problems for drinking water and irrigation. If these problems remain unaddressed, the lives of citizens will be seriously impacted.

बढेपछि खोला किनारमा बस्दै आएका बासिन्दाको भागाभाग भएको थियो । हिमताल फुटेर आएको पानीको बेगले नुम्बुर हिमालको आधारशिविरमा रहेका चौरीगोठ र काठका पुलहरू बगाइदिएको थियो । यसरी एक्कासी चोकर्मा हिमताल फुटेका कारण ठूलो मानवीय क्षति नभए पनि निकै ठूलो मात्रामा भौतिक क्षति हुन पुगेको थियो । यसैगरी सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीबाट करिब २५ किलोमिटर उत्तरतर्फ रहेको दुधकुण्ड पोखरी पनि फुट्न सक्ने सम्भावा छ । यसैगरी दुधकुण्ड पोखरीभन्दा केही माथि रहेको महाकुण्डमा बालवा मिसिँदै गएका कारण पोखरीको आकार बढिरहेको छ । यसले महाकुण्ड फुट्ने जोखिम पनि बढाउँदै लगेको छ । यसरी जलवायु परिवर्तनसँगै हिमतालमा आएको फेरबलका कारण स्थानीय जनजीवन थप प्रभावित भइरहेको स्पष्ट देखिन्छ ।

यसैगरी जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा हुने कृषि उत्पादनमा समेत समस्या सुरु भएको छ । सुख्खा समय लम्बिने, अनपेक्षितरूपमा असिनापानी र वर्षा हुने, तुषारो र हिउँ पर्ने समयमा परिवर्तन भएसँगै कृषिबाली उत्पादन नहुनेजस्ता समस्या स्थानीय बासिन्दाले भोगिरहेका छन् । जलवायु परिवर्तनकै प्रत्यक्ष प्रभावका कारण धान खेतीको उत्पादन घट्न थालेको छ । प्रशस्त आलु उत्पादन हुने खेतबारीमा आलु उत्पादनमा घटेको छ भने स्वभाविकरूपमा निर्यातमा गिरावट आएको छ । सोलुखुम्बुमा स्याउ उत्पादन हुने मुख्य क्षेत्रमा स्याउको उत्पादन घटेको छ । यसैगरी अचानक मौसममा आउने फेरबदलका कारण अन्न, फलफूल तथा तरकारी खेतीमा विभिन्न किसिमका रोग लाग्न सुरु भएका छन् । प्रमुख उत्पादन क्षेत्र घोषणा गरिएकै क्षेत्रमा स्याउ, किबी, अलैंची, आलु, टमाटर आदिको उत्पादन घटेको छ । खेतीपातीमा धेरै श्रम गरेर (आलु, मकै, धान, गँहु आदि) जस्ता अन्नबाली लगाउने किसान पनि मिहिनेत अनुसारको उत्पादन नभएका कारण खेतबारी बाँझै राख्न थालेका छन् । यसले कृषकको जीवनभरको मिहिनेत र लगानी दुवै खेर जाने अवस्थामा पुगेको छ । यस्तो अवस्था आउनुको एउटा महत्वपूर्ण कारण जलवायु परिवर्तन नै हो । तर, जलवायु परिवर्तनका कारण आइपरेका यस्ता गम्भीर सवाललाई सम्बोधन गर्न नेपालका तीनै तहका सरकारले पर्याप्त भूमिका खेल्न सकिरहेका छैनन् ।

यसैगरी मानवीय गतिविधिका कारण पनि वातावरणीय चक्र असन्तुलित भइरहेको छ । स्थानीय सरकारको गठन भएपछि भौतिक पूर्वाधारको विकासलाई प्राथमिकता दिइएको छ । ती पूर्वाधारमध्ये पनि सडक निर्माणलाई सबैभन्दा बढी प्राथमिकता दिइएको छ । स्थानीय तहमा वातवरणीय प्रभाव मूल्याङ्कन समेत नगरीकन जथाभावी सडक निर्माण गरिएका कारण त्यसले गम्भीर वातावरणीय समस्या देखिन सुरु भएको छ । सडक बनाइएका स्थान वरपर पहिरो जाने र भू-क्षय हुनेजस्ता समस्या देखिएका छन् । अर्कोतिर, यसरी सडक निर्माण गरिएका कारण पानीको मूल सुकिरहेका छन्, जसको कारण खानेपानीका साथै सिचाईमा समेत निकै समस्या भइरहेको छ । यस्तो समस्यालाई समयमै सम्बोधन गर्न नसके यसले स्थानीय जनजीवनलाई गम्भीर असर पार्ने निश्चित छ । त्यसैले यस्ता समस्यालाई सम्बोधन गर्न र जलवायु अनुकुलनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय सरकारले समन्वयात्मक भूमिका निर्वाह गर्न जरुरी छ । यसका लागि ती सरकारी निकायबीचको समन्वय र साझेदारी अत्यावश्यक छ ।

जलवायु परिवर्तन र अनुकूलन कार्यक्रम

पछिल्लो समय नेपालजस्तो विकासशील देशको मात्रै होइन विश्वभरि नै जलवायु परिवर्तन निकै चासो र चिन्ताको विषय बनिरहेको छ । नेपालको जल तथा मौसम विज्ञान विभागले

Therefore, all three tiers of government have to play a more coordinated role in minimizing these problems and to conduct climate change adaptation programs. Coordination and partnership in government is key.

Climate change adaptation program

The issue of climate change has been regarded with both concern and interest, especially among less developed nations like Nepal. In 2017, the national department of meteorology stated that there is an annual average increase in temperature by 0.06 degree Celsius. They further stated that this change has caused a further melting of snow in the Himalayas, less yield in agricultural produce, an increase of insects, less rainfall, a decreased duration of snowfall, and a drying up of water sources. Based on this, there is no doubt that such problems will compel us to face substantial human loss.

Role of local government

The lives of local citizens are seriously impacted by climate change. Sectors such as agriculture, water sources, public health, and tourism are all facing adverse impacts. Although the GoN has introduced a number of policies to reduce or eliminate the impact of climate change, it has nevertheless been unable to start preparedness training programs necessary to develop the appropriate adaptation techniques to address this matter. Yet, these programs are still of no concern for any of the three tiers of government.

The GoN has, itself, accepted the provisions in climate change treaties and participated in different treaty based international conferences. Such conferences recommend participating nations to formulate policies to address different aspects of climate change.[2] The GoN has also been taking initiatives at both the national and international level to address climate change. For example, the 2019 National Climate Change Policy has been adopted and implemented with the aim of providing policy-wise mitigation of risks related to climate change. Similarly, the 2010 National Adaptation Program of Action is in its implementation stage with the National Adaptation Plan in the planning stage. The GoN has also developed its 2011 Local Adaptation Action Plans.

Within the context of federalism, municipalities can determine policies, plans and programs in line with local needs. According to the 2017 Local Government Operation Act, municipalities have the right to formulate periodic and annual area-wise plans. This Act states that the basis of the municipal planning process should be the conservation of the environment and climate change, gender equality and social inclusion, disaster management, and good governance.

सन् २०१७ मा निकालेको निष्कर्षअनुसार नेपालको वार्षिक अधिकतम् तापक्रम बृद्धिदर औसतमा ०.०६ डिग्री सेल्सियस रहेको छ । तापक्रममा आएको यस्ता परिवर्तनले हिमालका हिउँ पग्लिँदै जाने, कृषि उत्पादनमा गिरावट आउने, खेतीबालीमा रोग किराको संक्रमण बढ्ने, वर्षा कम हुने, हिउँ पर्ने समय कम हुने र पानीका स्रोत वा मुहान सुक्दै जानेजस्ता असर देखिएका छन् । यसलाई आधार मान्दा जलवायु परिवर्तनका कारण उत्पन्न यस्ता समस्यालाई समयमा नै समाधान गर्न अनुकूलन कार्यक्रम सञ्चालन गर्न सकिएन भने यसले मानवीय जीवनमा निकै ठूलो विपत्ति ल्याउन सक्ने कुरामा कुनै द्वुविधा छैन ।

स्थानीय सरकारको भूमिका

जलवायु परिवर्तनको कारण मूलतः स्थानीय जनजीवन निकै प्रभावित भइरहेको छ । कृषि, जलस्रोत, कृषि उत्पादन, जनस्वास्थ्य, पर्यटन आदि सबै क्षेत्रमा प्रतिकूल प्रभाव पर्दै गइरहेको छ । नेपाल सरकारले जलवायु परिवर्तनबाट सिर्जित प्रभाव न्यूनीकरण गर्न वा हटाउनका लागि केही नीतिगत व्यवस्था गरेको छ । तर, जलवायु अनुकूलनका उपयुक्त विधि विकास गर्ने र जोखिम तथा प्रकोप सामनाका लागि आवश्यक पूर्व-तयारीका कार्यक्रम सञ्चालन गर्न सकेको छैन । यस्ता कार्यक्रम न त संघीय सरकारको प्राथमिकतामा छ न त प्रदेश वा स्थानीय सरकारकै चासोको विषय बनेका छन् ।

हुन त नेपाल सरकारले जलवायु परिवर्तनसम्बन्धी महासन्धीको प्रावधानलाई स्वीकार गरेको छ भने पक्ष राष्ट्रहरूको विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने गरेको छ । त्यस्ता सम्मेलनले सहभागी देशहरूलाई जलवायु अनुकूलन, प्रभाव न्यूनीकरण, आर्थिक स्रोत, प्रविधि विकास एवं हस्तान्तरण, क्षमता अभिवृद्धि, जलवायु समानुकूलनजस्ता अवयवलाई समेटी जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने नीतिगत व्यवस्था गर्न सुझाब दिने गरेका छन्[२] । उदाहरणका लागि नेपाल सरकारले जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ पारित गरी लागू गरिरहेको छ । यसैगरी राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६६ पनि कार्यान्वयनमा छ भने राष्ट्रिय अनुकूलन योजना तयारीको प्रक्रियामा छ । यसका साथै नेपाल सरकारले स्थानीय अनुकूलन कार्ययोजना खाका, २०७६ पनि तयार गरिसकेको छ ।

नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरेसँगै स्थानीय सरकारले स्थानीय आवश्यकताका आधारमा नीति, योजना कार्यक्रम तय गर्न सक्छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाँउपालिका तथा नगरपालिकालाई आवधिक तथा वार्षिक क्षेत्रगत योजना बनाउन सक्ने अधिकार प्रदान गरेको छ । उक्त ऐनमा स्थानीय सरकारले योजना निर्माणको प्रक्रियामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदिलाई आधार मान्नु पर्ने कुरा स्पष्टरूपमा समावेश गरिएको छ । यसैगरी राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा पनि राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, विकास योजना र कार्यक्रममा जलवायु परिवर्तनका मुद्दालाई मूलप्रवाहीकरण गर्नुपर्ने सवाल पनि समावेश गरिएको छ । यद्यपि, स्थानीय सरकारले जलवायु परिवर्तन र यसको प्रभाव न्यूनीकरणको सवाललाई प्राथमिकतामा राखेका छैनन् बरु, जलवायु परिवर्तनको कुनै परवाह नै नगरी भौतिक पूर्वाधारको निर्माणमा जोड दिइरहेका छन् ।

Similarly, the 2019 National Climate Change Policy states that climate change issues should be mainstreamed in all areas of GoN policy, strategy, plans and programs, including in relation to climate change management. However, despite this, municipalities have not prioritized this issue and instead prioritized the further construction of physical infrastructure.

Although the Solukhumbu district has seven local levels (including one municipality), area specific local annual plans have not been developed in line with the 2019 National Climate Change Policy. While programs on disaster and environment related issues are regularly conducted, there has been no policy debate of any note on how to address climate change. The Solu Dudhkunda municipality has implemented the 2018 Basic Cleaning and Garbage Management Act, an Act that prohibits the import of glass bottles, sanitary pads, and plastic products, and penalizes those who have imported and used such products. Furthermore, starting with the 2018 to 2019 fiscal year, the municipality has completely eradicated the import and use of these products. As a result, the local environment now looks much cleaner and plastic related garbage is seen as a thing of the past. However, other municipalities in the district have done little to either clean the environment or mitigate the impacts of climate change.

Although it is the responsibility of all municipalities to keep the region environmentally clean, municipalities have not developed any clear policy, plan and program on environment conservation, climate change and adaptation. As the district runs the risk of sudden formation and outburst of glacial lakes, which will likely result in the loss of natural and human life, municipalities must consider the risks induced by climate change and formulate the necessary policies and programs. In particular, municipalities should conduct programs in line with Nepal's 2017 Disaster Risk Reduction and Management Act and 2017 Disaster Risk Reduction and Management Regulations. Municipalities should consider climate change as a serious issue and formulate the necessary mitigating policies and provisions while ensuring that citizens are made more aware of the probable impact of climate change.

Endnotes

1 BBC Nepali. Nepal's most 'probably dangerous' 21 glacial lake that can outburst anytime lies in this region. September 11. 2020.

2 For example, climate change adaptation, impact mitigation, economic resources, development and transfer of technology)

सोलुखुम्बु जिल्लामा एउटा नगरपालिकासहित सातओटा स्थानीय तह छन् । तर, ती स्थानीय तहले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ अनुरूप वार्षिक क्षेत्रगत योजना तयार पारेका छैनन् । जिल्लामा विपद् र वातावरणसँग सम्बन्धित एकाध कार्यक्रम हुने गरेका छन् । तर, जलवायु परिवर्तनको गम्भीर समस्यालाई सम्बोधन गर्ने नीतिगत बहस भने खासै हुने गरेका छैनन् । जिल्लामा सोलुदुधुकण्ड नगरपालिकाले आधारभुत सरसफाई तथा फोहोरमैला व्यवस्था ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ । उक्त ऐनले नगरपालिका क्षेत्रभित्र शिशाका बोतल, सेनेटरी प्याड, प्लाष्टिकजन्य वस्तु आयातमा रोक लगाउने उल्लेख गरिएको छ । यदि त्यस्ता वस्तुको आयात र प्रयोग गरेमा दण्डित गर्ने समेत ऐनमा व्यवस्था छ । यसैगरी जथाभावी फालिएका शिशाका बोतल नगरपालिकाले नै सङ्कलन र व्यवस्थापन गरेको छ । आर्थिक वर्ष २०७५/०७६ बाट भने नगरपालिकाले त्यस्ता वस्तुको आयात र प्रयोगमा पूर्णरूपमा रोक लगाएको छ । यसैको परिणाम अहिले नगरपालिकाभित्र त्यस्ता वस्तुको प्रयोग र आयात शून्य भएको छ । एकातिर वातावरण सफा देखिएको छ भने यहाँ प्लाष्टिकजन्य फोहोर अब इतिहास भइसकेको छ । जिल्लाका अन्य स्थानीय सरकारले पनि केही मात्रामा वातावरण सफा राख्ने वा जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्ने थोरै प्रयत्न गरेका छन् ।

आफ्नो क्षेत्रलाई वातवरणीय दृष्टिकोणले सफा राख्नु सबै स्थानीय सरकारको जिम्मेवारी हो । तर, सोलुखुम्बुका स्थानीय सरकारले वातावरण संरक्षण, जलवायु परिवर्तन र अनुकूलनसम्बन्धी स्पष्ट नीति, योजना र कार्यक्रम भने बनाएका छैनन् । सगरमाथा क्षेत्रमा जलवायु परिवर्तनका कारण अकस्मात हिमताल बन्ने र फुट्ने जोखिम बढ्दै गएको छ । यसले प्राकृत्तिक र मानवीय जीवनमा समेत क्षति पुऱ्याउन सक्ने भएका कारण जलवायु परिवर्तनका कारण आगामी दिनमा आउन सक्ने सम्भावित जोखिमलाई समेत ध्यानमा राखेर स्थानीय सरकारले आवश्यक नीति र कार्यक्रम बनाउनु पर्छ । नेपालको विशेष गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई पनि ध्यान दिएर सोही अनुरूपका कार्यक्रम स्थानीय तहले सञ्चालन गर्नुपर्छ । त्यसैले स्थानीय सरकारले जलवायु परिवर्तनलाई एउटा गम्भीर सवालका रूपमा लिएर आवश्यक नीतिगत व्यवस्था गर्ने, नागरिकलाई जलवायु परिवर्तनको सम्भावित प्रभावबारे सचेत गराउने र प्रभाव न्यूनीकरणका लागि योजनाबद्धरूपमा काम गर्न आवश्यक छ ।

पाद टिप्पणी

१ बीबीसी नेपाली । सन् २०२० । नेपाल्स मोस्ट प्रोबेब्ली डेन्जसर २१ ग्लासिकल लेक द्याट क्यान आउटब्रस्ट एनिटाइम लाइज इन दिस रिजन । सेप्टेम्बर ११ ।

२ जस्तै जलवायु परिवर्तन अनुकूलन, प्रभाव न्यूनीकरण, आर्थिक स्रोत, प्रविधिको विकास र हस्तान्तरणजस्ता सवालमा सुझाब दिने गरेका छन् ।

लेखकहरु



कुन्द दीक्षित

कुन्द दीक्षित काठमाडौंबाट प्रकाशित हुने अंग्रेजी भाषाको साप्ताहिक पत्रिका नेपाली टाइम्सको सम्पादक र प्रकाशक हुनुहुन्छ ।

शान्ता चौधरी

संघीय संसदको सदस्य शान्ता चौधरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)को संसदीय दलको सचेतकका साथै पार्टीको पोलिटब्यूरो सदस्य पनि हुनुहुन्छ।

दिपक विश्वकर्मा

दिपक विश्वकर्मा विभिन्न विषयका अनुसन्धनकर्ताका साथै अन्तर्राष्ट्रिय विकास अभ्यासकर्ता हुनुहुन्छ ।

गीता पाण्डे

गीता पाण्डेले विशेष गरी मानवअधिकार, जलवायु परिवर्तन र लैङ्गिक समानताजस्ता विकासका सवालमा काम गरिरहनु भएको छ ।

सुजाता तामाङ

सुजाता तामाङ सोलुखुम्बु जिल्लाबाट बीबीसी नेपाली सेवाका लागि कार्यरत अनुभवि पत्रकार हुनुहुन्छ ।